

# आर्थिक चिन्तनका कोसेढुंगा र श्रम

# आर्थिक चिन्तनका कोसेढुंगा र श्रम

उमेश उपाध्याय

एफ इ एस/जिफन्ट–टीयुपीआई

**तयार पार्ने** : उमेश उपाध्याय

**प्रकाशन** : २०७१ असोज

**प्रकाशक** :
जिफन्ट - ट्रेड यूनियन पोलिसी इन्स्टिच्युट (जिफन्ट-टुपी)
नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)
पुतलीसडक, मनमोहन मजदुर भवन, काठमाडौं
फोन : ४१६८०००, फ्याक्स : ४१६८००१
इमेल : office@gefont.org वेब : www.gefont.org

**धन्यवाद** :
एफ इ एस (छपाई सहयोगका लागि)

**मूल्य** : रु. ४०/-

**डिजाइन तथा मुद्रण व्यवस्थापन** :
एमएस माउस, पुतलीसडक

**© GEFONT-TUPI 2014**

**GEFONT-TUPI Publication No. 1**

# विषयसूची


| | | |
|---|---|---|
| १. | श्रम, श्रमिक र असमानता | ५ |
| २. | आर्थिक उदारीकरणका प्रवर्तक : एडम स्मीथ | १६ |
| ३. | एडम स्मीथदेखि कार्ल मार्क्ससम्म | २३ |
| ४. | कार्ल मार्क्स : चिन्तन र परिवर्तनको बेग्लै मूल प्रवाह | २७ |
| ५. | मार्क्सदेखि किन्ससम्मको कालखण्ड | ३५ |
| ६. | जोन मेनार्ड किन्स : पुँजीवादको फरक ढंगले सङ्कटमोचन | ३७ |
| ७. | आर्थिक प्रणालीहरुको समकालीन रुप | ४४ |
| ८. | श्रमिक र श्रमको पाटोबाट अबको बाटो | ५० |

# १. श्रम, श्रमिक र असमानता

## १.१ काम – उत्पादन – समाज विकास

मान्छेको चेतनाले दिएको सबैभन्दा ठूलो उपहार हो - काम । काम नै मानव सभ्यताको विकासको मूल जग हो । कामबाटै ज्ञान, विज्ञान, निर्माण र प्रगति तथा उपलब्धिहरुको श्रृङ्खला निरन्तर चलिरहन्छ । किनभने कामले नै बस्तु र सेवाको उत्पादन हुन्छ । उत्पादनका लागि चाहिने साधन प्रमुख तीन छन्- भूमि, श्रम र पुँजी । चौथो साधन व्यवस्थापन मानिन्छ । भूमि, श्रम र पुँजीको उपयुक्त समन्वय गराउने साधनको रुपमा व्यवस्थापनको ठूलो भूमिका हुन्छ । आजभोलि मानव ज्ञान पनि यस्तो नभई नहुने भइसकेको छ कि यसलाई पनि उत्पादनको एउटा छुट्टै साधन सरह मान्न सकिन्छ ।

जे होस् उत्पादनका यी साधनहरु एक्लै दुई वा सबै मिलेर जुन प्रक्रिया चल्छ, त्यो नै काम हो । यसरी काम भनेको प्रक्रिया हो, जसको परिणाम भन्नु नै उत्पादन हो । उत्पादन बस्तु र सेवाको हुन्छ ।

*समन्वय नभई "काम" प्रक्रिया र "उत्पादन" परिणाम नआउने भएकोले श्रम र पुँजी बिच समन्वय हुन्छ । तर यी दुई बिच निरन्तर द्वन्द्व, संघर्ष, समन्वय र सहकार्य आर्थिक जीवनको अभिन्न अङ्ग हो ।*

यो 'काम' प्रक्रियालाई चलाउने मौलिक र अनिवार्य साधन श्रम हो, त्यसैले उत्पादनको यो नै प्रमुख साधन हो । भूमि भनेको जमीन लगायत प्राकृतिक साधन बुझ्नुपर्छ, जसलाई श्रमको बलमा कामको प्रक्रियामा सामेल गर्न सकिन्छ । पुँजी भने श्रम र प्राकृतिक साधनको समन्वयबाट बन्ने मानव निर्मित भौतिक साधन हो, जसलाई ज्ञानले नै साधनको रुपमा उत्पादनशील बनाउँछ । पुँजी यन्त्र, औजार, उपकरणको रुपमा भौतिक पनि हुन्छ र मुद्रा लगायत वित्तीय साधनको रुपमा वित्तीय पुँजी पनि हुन्छ । ज्ञान भनेको श्रम, पुँजी व्यवस्थापन सबैको दक्षता र कार्यकुशलता तथा उत्पादनशीलतालाई बढाएर काम र उत्पादनलाई मात्रामा पनि अधिकतम र गुणस्तरमा पनि उच्चतम बनाउने साधन हो ।

भूमि भनेको निर्जीव साधन हो । पुँजीमाथि जसको अधिकार, कब्जा र स्वामित्व हुन्छ, ती पुँजीपति हुन्छन् । पुँजी र पुँजीपतिको पक्षमा कामको प्रक्रियालाई अघि बढाउने साधन हो व्यवस्थापन । पुँजीमाथि जसको नियन्त्रण हुन्छ, भूमिलाई पनि उसैले आफ्नो हितमा उपयोग गर्दछ ।

यसरी पुँजी, व्यवस्थापन र भूमि एक कित्तामा उभिन्छन् । श्रम अर्को कित्तामा उभिन्छ । ज्ञान भनेको पुँजीको पक्षमा ठूलो भाग र श्रमको पक्षमा थोरै भाग भएर विभाजित हुन्छ । यसरी समन्वय नभई 'काम' प्रक्रिया र 'उत्पादन' परिणाम नआउने भएकोले श्रम र पुँजी बिच समन्वय हुन्छ । तर यी दुई बिच निरन्तर द्वन्द्व, संघर्ष, समन्वय र सहकार्य आर्थिक जीवनको अभिन्न अङ्ग हो । त्यसैले आर्थिक सामाजिक विकास र अर्थव्यवस्थाको मूल सत्य श्रम र पुँजी बिचको यही जेलिएको, जटिल, निरन्तर रुप परिवर्तन गरिरहने कहिले कठोर-निर्मम र कहिले नरम-तरल सन्बन्ध हो ।

*असमानताको अर्को स्पष्ट देखिने आयाम लैंगिक विभेद र शोषण थियो । दासी बनाएर काम र यौन शोषणसँगै बस्तु सरह किनबेच गर्ने दासयुगीन परम्परा अहिले न्यूनीकरण भएर पनि कुनै न कुनै आवरणमा छोपिएर चलिरहेको छ ।*

---

यही द्वन्द्व र संघर्ष नै असमानता र अन्याय वा असन्तुलन र विभेदको कारण पनि हो, परिणाम पनि हो ।

आदिम समाज बिस्तारै दास समाजमा परिणत हुँदा अन्याय र असमानताको नयाँ युग सुरु भयो । बथानमा बस्ने घुमन्ते आदिम मानिसहरुका आपसी बथाने युद्धहरुमा सक्नेले मार्ने नियमले काम गर्दथ्यो । पशुपालन र खेती गर्ने युग सुरु भएपछि जीवनमा केही स्थिरता सुरु भयो । यो स्थिरताले पराजितहरुलाई मार्ने वा देवतालाई खुसी पार्न 'नरवली' दिने प्रचलन समयक्रममा परिमार्जित भयो । मातृसत्तात्मक चरण पार भएर पितृसत्तात्मक चरणमा समाज प्रवेश गरेपछि पराजित बथानका महिलालाई दासीका रुपमा जबर्जस्ती सेवा र यौन शोषण गर्न थालियो । पुरुष मार्ने र महिलालाई दासी बनाउने प्रक्रिया चल्यो । तर, गोठाले र कृषि जीवनको आरम्भ भएपछि स्थायी बसोबासमा जमीनसँग मान्छे बाँधिन थाल्यो । त्यसपछि पराजित र बन्दी बनाइएका पुरुषलाई पनि मार्नुभन्दा पशुपालन र खेतीको काममा तथा सेवाका अन्य काममा लगाउने अभ्यास र प्रचलन सुरु भयो । यसरी 'असमानता' दासतासँग जोडिएर मानव समाजको विशेषता बन्दै गयो ।

आफू काम नगरेर अराउने खटाउने र अरुको कामको प्रतिफलमा तथा उत्पादनमा पूर्ण नियन्त्रण गर्ने मालिक बनेका मानिसहरु र दास बनाइएका पशुवत व्यवहारमा अमानवीय निर्ममताका शिकारहरु बिचको ठूलो खाडल नै असमानताको पहिलो स्पष्ट देखिने स्वरुप थियो । असमानताको अर्को स्पष्ट देखिने आयाम लैंगिक विभेद र शोषण थियो । दासी बनाएर काम र यौन शोषणसँगै बस्तु सरह किनबेच गर्ने दासयुगीन परम्परा अहिले न्यूनीकरण भएर पनि कुनै न कुनै आवरणमा छोपिएर चलिरहेको छ । पितृसत्तात्मक चरणमा मानव समाज अघि बढ्दै गएपछि दासी मात्रै होइन सबै महिला असमानताका शिकार भए । दासी घोषित हुनु र घोषित नहुनुको मनोवैज्ञानिक फरक मात्र रह्यो, भौतिक

*प्रारम्भिक खालको समाजवाद, बुढो हुँदै गएको तर अझ पनि शक्तिशाली पुँजीवाद र छिटोछिटो नष्ट हुँदै गइरहेको सामन्तवाद आज हामी सँगसँगै मिसिएर हिंडिरहेको देखिरहेछौं । अझसम्म पनि दास युगीन अवशेष प्रथाहरू समेत रूप परिवर्तित हुँदै चलिरहेका छन् ।*




रुपमा कामको प्रकृतिमा केही फरक भए पनि अधिकारको हिसाबले सबै महिला दासी भए । असमानताको यो रुप सबै युगहरुमा आजसम्म समेत भयावह छ ।

यसरी सुरु भएको असमानताको राक्षस अनेक रुपमा सबै आयाममा फैलिएर गयो । यसका विरुद्धको लडाइ पनि सबै आयाममा फैलियो ।

सामन्तवादमा कुनै संगठन स्वतन्त्रता हुँदैन र निश्चित ठालुहरुका परिवार बाहेक अरु सबै आवाजविहीन, आदेश पालक, इच्छाविहीन रैती मात्र हुनुपर्छ । दासयुग पछि सामन्तवादी युग आयो, कृषिले मान्छेलाई दिएको जीवनको स्थिरता र भूमिको महत्वको लामो कालखण्ड हज्जारौं हज्जार वर्षको कालखण्डमा सामन्तवादले दासहरुलाई रैतीको रुपमा शासन गऱ्यो । उत्पादनको मुख्य काम 'स्वतन्त्र' रैतीहरु र बिना मूल्य सेवाका कामहरुमा दासहरु सामन्तवादका आधार थिए । त्यसमा महिलाको दुरावस्था दास युगमा भन्दा फरक रहेन ।

ठूला संघर्षहरु र हज्जारौं बर्षका पीडाहरु पछि परिवर्तन र वलिदानकै क्रममा विज्ञानको विकासले सामन्तवाद पराजित हुँदै गएको छ । निरन्तर वर्ग संघर्ष तथा उदार पुँजीपति वर्ग र श्रमजीवी वर्गको संघर्ष र सहकार्यकै परिणाम हो- सामन्तवादको क्रमिक पराजय । यद्यपि, अहिले पनि सामन्तवाद सबैतिर पराजित भइसकेको छैन । प्रणालीहरु सँगसँगै चलिरहेका छन् । प्रारम्भिक खालको समाजवाद, बुढो हुँदै गएको तर अझ पनि शक्तिशाली पुँजीवाद र छिटोछिटो नष्ट हुँदै गइरहेको सामन्तवाद आज हामी सँगसँगै मिसिएर हिंडिरहेको देखिरहेछौं । अझसम्म पनि दास युगीन अवशेष प्रथाहरु समेत रुप परिवर्तित हुँदै चलिरहेका छन् ।

दास प्रथा र सामन्तवाद सबै ठाउँमा आ-आफ्नै मौलिक किसिमले विकसित भए । तिनको चरित्र स्थानियतामा आधारित थियो । ती प्रणालीहरुको जल्दोबल्दो

*पुँजीवादमा आइपुग्दा संगठन स्वतन्त्रता औपचारिक रूपमा प्राप्त हुन्छ, तर उपभोगमा अनेक बाधा अवरोध हुन्छन् । सकेसम्म संगठन स्वतन्त्रतालाई खुम्च्याउने र पुँजीपति वा शासक वर्गको स्वार्थलाई असर नपर्ने गरी मात्र उपभोग गर्न दिने कुरामा राज्य व्यवस्थाको ध्यान हुन्छ ।*

समय यातायात र सञ्चारका साधनहरुको अपर्याप्त विकासको समय थियो । भौगोलिक दूरीले ठूलो बाधा अवरोधको रुपमा संसारलाई अलग-थलग पारिरहेको समयमा दास युग र सामन्तवादी युगहरु स्वाभाविक रुपमा स्थानीयतामा आधारित थिए । तिनको विश्वव्यापी चरित्र नै थिएन । आधारभूत कुराहरु एउटै भए पनि भिन्न भिन्न समयमा आ-आफ्नै किसिमले एक अर्का स्थानसँग कुनै अन्तरक्रिया बिना नै स्थानीय ढंगले चलेका प्रणाली थिए । तर पुँजीवाद र समाजवाद दुबै विश्वव्यापी चरित्र राख्दछन् । एक भूगोलबाट अर्को भूगोलमा सहजै प्रवेश गर्दछन् र क्रियाशील हुन्छन् ।

## १.२ आजका श्रमिक र असमानता

समाज विकासका हरेक चरणमा असमानताको पीडा वर्गीय हिसाबले श्रमिक वर्गले नै भोगेको छ र भोगिरहेको छ । लैंगिक, जातीय, साम्प्रदायिक वा धार्मिक वा अरु विभिन्न किसिमका असमानता र विभेदहरुका पनि वर्गीय आयतन छन् । जातीय विभेदमा पनि पीडित गरिब श्रमिक नै हुन्छन् । लैंगिक विभेद र असमानताको पनि अधिकतम कष्ट श्रमिक वर्गका महिलाका भागमा पर्छ ।

दास युग वा सामन्तवादमा संगठन स्वतन्त्रताको कल्पना पनि गर्न सकिंदैन । त्यसैले यहाँ श्रमिकको सामूहिकता कमजोर हुन्छ र ठूलो असमानता, विभेद तथा शोषण उत्पीडनमा पर्दछ । पुँजीवादमा आइपुग्दा संगठन स्वतन्त्रता औपचारिक रुपमा प्राप्त हुन्छ, तर उपभोगमा अनेक बाधा अवरोध हुन्छन् । सकेसम्म संगठन स्वतन्त्रतालाई खुम्च्याउने र पुँजीपति वा शासक वर्गको स्वार्थलाई असर नपर्ने गरी मात्र उपभोग गर्न दिने कुरामा राज्य व्यवस्थाको ध्यान हुन्छ । बढेको जनसङ्ख्या सागै भएको ठूलो सामाजिक आर्थिक विकास तथा विज्ञान र

*मुद्रामा हेर्दा ज्याला बढे पनि मुद्राको अवमूल्यन, महँगी र मुद्रास्फितिले गर्दा श्रमिकको क्रयशक्ति घटेको छ । कूल गार्हस्थ उत्पादनमा बितेका दशकहरूमा भएको उच्च वृद्धिको सम्पूर्ण प्रतिफल लाभको रुपमा उद्यमी व्यवसायीतिरै गएको छ ।*

प्रविधिको अकल्पनीय विकासले श्रमजीवी वर्गकै जीवनमा पनि ठूलो परिवर्तन ल्याएको छ । तर भिन्न रुपमा शोषण, दमन र कष्टहरु पनि उत्तिकै छन् ।

राष्ट्रिय आयमा ज्यालाको सहभाग घटेर गएको छ, मुद्रामा हेर्दा ज्याला बढे पनि कूल राष्ट्रिय आयबाट उत्पादनका साधनको स्वामित्व ओगटेका अरुहरुको तुलनामा श्रमिकको भाग घटेको छ । मुद्रामा हेर्दा ज्याला बढे पनि मुद्राको अवमूल्यन, महँगी र मुद्रास्फितिले गर्दा श्रमिकको क्रयशक्ति घटेको छ । कूल गार्हस्थ उत्पादनमा बितेका दशकहरुमा भएको उच्च वृद्धिको सम्पूर्ण प्रतिफल लाभको रुपमा उद्यमी व्यवसायीतिरै गएको छ । एसियामा वास्तविक कूल गार्हस्थ उत्पादन बितेका दशकमा ६ प्रतिशत भन्दामाथि र श्रमको उत्पादकत्व पनि ५ प्रतिशत भन्दा माथि वार्षिक रुपमा वृद्धि हुँदा पनि श्रमिकको वास्तविक ज्याला २ प्रतिशतले मात्र बढेकोले उच्च वृद्धिको सबै फल उद्यमी-व्यवसायी वर्ग र बहुराष्ट्रिय कम्पनीहरुको भागमा थुप्रिएको छ (जिफन्ट, २०१४) । यसले मजदुर वर्ग मात्र होइन, प्राकृतिक स्रोतमा आधारित किसान लगायत स्वरोजगार श्रमजीवीहरुको सहभाग पनि राष्ट्रिय आयमा कम हुँदै गएको यथार्थ देखिन्छ ।

झण्डै साढे ७ करोड युवा बेरोजगार रहेको र २०१२ मा ४० लाखको रोजगारी गुमेको २०१३ मा थप ५० लाखको रोजगारी गुमेको कुरा उल्लेखनीय छ (आइएलओ महानिर्देशकको प्रतिवेदन २०१३) ।

युरोपमा रोजगारी अनौपचारिक अवस्थाबाट औद्योगिक क्रान्तिसँगै पुँजीवाद विकासको प्रारम्भिक चरणबाट औपचारिकीकरण सुरु भएको थियो । त्यो प्रक्रिया बीसौं शताब्दीको अन्त्यसम्ममा आइपुग्दा उल्टिएको छ । औपचारिक क्षेत्रलाई अनौपचारिक बनाउँदै श्रमिकलाई घर आधारित रोजगारीमा कारखानाको भवनबाटै बाहिर पुऱ्याउने, तर उसको सीप, कार्यक्षमता र समयको पीसरेट

*अर्धबेरोजगार श्रमिक र मूलतः अर्धबेरोजगार युवा श्रमिकको सङ्ख्या त बेहिसाब छ । अनौपचारिक क्षेत्रको रोजगारीमा धेरै ठूलो सङ्ख्या करोडौं करोडको सङ्ख्या अर्धबेरोजगार र अदृश्य बेरोजगारको रूपमा छ ।*

ज्यालामा शोषण गरिरहने रोजगारी ढाँचा प्रयोग भइरहेको छ । यसले गर्दा श्रमिकको जीवन र रोजगारी झन कठिन, जटिल र असुरक्षित भएको छ । कठिन र असुरक्षित कामको अवस्थालाई प्रिकारियस भनेर भनिने भएकाले अबको सर्वहारा प्रोलिटारियट होइन 'प्रिकारियट' को रुपमा नयाँ र खतरनाक वर्गको रुपमा विकास हुँदै गएको तथ्य आजको वास्तविकता बनेको छ । (जि. एसान्डिङ, प्रिकारियट : डेन्जरस न्यू क्लास, २००९) आज २१ करोड भन्दा बढी मानिस बेरोजगार छन्, जसमा ३५ बर्षभन्दा कम उमेरका युवा बेरोजगारको सङ्ख्या झण्डै १० करोड छ । अर्धबेरोजगार श्रमिक र मूलत: अर्धबेरोजगार युवा श्रमिकको सङ्ख्या त बेहिसाब छ । अनौपचारिक क्षेत्रको रोजगारीमा धेरै ठूलो सङ्ख्या करोडौं करोडको सङ्ख्या अर्धबेरोजगार र अदृश्य बेरोजगारको रुपमा छ । विश्व श्रम बजारमा हरेक बर्ष साढे चार करोड युवा कामको खोजीमा प्रवेश गर्छन् । तिनीहरु मध्ये अधिकाङ्श अनौपचारिक रोजगारीमा अर्धबेरोजगार भएर अदृश्य बेरोजगारीका शिकार हुन्छन् ।

विश्वबैंकको सर्वेक्षणले २०१२ मा २६ करोद युवा आर्थिक हिसाबले निस्क्रिय रहेको देखाएको छ । विश्वभरिका बेरोजगार युवाको सङ्ख्या अमेरिकाको जनसङ्ख्या (३१ करोड) बराबर छ । (द इकोनोमिस्ट अप्रिल २७, २०१३, जिफन्ट प्रतिवेदनबाट) बेरोजगारीले दिने कष्ट आप्रवासी श्रमिकको रुपमा २५ करोडभन्दा बढीले अमानवीय कार्यावस्था भोगिरहेछन् । झन् अहिले श्रमिकले घरेलु श्रमिकको रुपमा र अन्य ढंगबाट व्यावसायिक यौनशोषण र चरम दुर्व्यवहार भोगिरहेको डरलाग्दो चित्र मिडियामा सधैं आइरहको छ । पुँजीवादमा सन् १९९७ को एसियाली वित्तीय सङ्कटबाट सुरु भएको अस्तव्यस्तता २००७ मा अमेरिकाबाट सुरु भएको सङ्कटमा अझ भयावह बन्यो । अमेरिकाबाट सुरु भएको यो वित्तीय सङ्कटले आर्थिक सङ्कटको रुपमा गहिरिँदै रोजगारी सङ्कटको रुपमा श्रमिक वर्गलाई नै सबैभन्दा पीडित गऱ्यो, लगभग सिंगो विश्वभरि ।

*राज्यले गर्ने कल्याणकारी खर्च र सामाजिक सुरक्षा खर्चहरू कटौती हुन थाले, फलतः श्रमिक जनसङ्ख्या नै डरलाग्दो आजीविका सङ्कटमा परेको छ ।*

---

यसको परिणाम राज्यका सामाजिक नीतिमाथिको बढ्दो आक्रमण बन्यो । राज्यले गर्ने कल्याणकारी खर्च र सामाजिक सुरक्षा खर्चहरु कटौती हुन थाले, फलत: श्रमिक जनसङ्ख्या नै डरलाग्दो आजीविका सङ्कटमा परेको छ । अल्पविकसित र विकासशील देशहरुमा आजीविका सङ्कट र विकसित देशहरुमा जीवनस्तरमा ठूलो ह्रास श्रमिक परिवारहरुले भोगिरहेका छन् ।

श्रम र पुँजीको बिचमा द्वन्द्व र अझ कठोर संघर्ष यसैकारण स्वाभाविक बन्दछ । उत्पादनको प्रमुख साधन श्रम सधैं शोषणमा पर्छ, त्यो श्रम बेच्ने श्रमिक सधैं सङ्कटमा आजीविकाको पीडामा, गरिबीको खाडलमा र असमानताको अमानवीय खोरमा पर्छ, परिरहेकै छ ।

अमर्त्य सेनको पुस्तक 'इनइक्वालिटी रिएक्जामिन्ड' (असमानताको पुनर्जाचपड्ताल)ले गरिबी र असमानताको वर्गीय स्वरुप राम्रै खोतलेको छ, बीसौं शताब्दीमा । थोमस पिकेटीले आफ्नो निकै प्रसिद्ध हुन पुगेको पुस्तक **क्यापिटल इन ट्वेन्टीफस्ट सेन्चुरी** (२१औं शताब्दीमा पुँजी) मा असमानताको गहन अध्ययन गरेका छन् । पछिल्लो समयको सबभन्दा गहिरो अध्ययनको रुपमा यसलाई लिन सकिन्छ, आजका विकसित मुलुकहरुमा सन् १९१० देखि असमानता घट्न थालेको हो । तर फेरि १९७० देखि बढ्न थाल्यो र २०१० सम्म आइपुग्दा असमानता असाध्यै धेरै भइसकेको छ । पछिल्ला चालिस बर्षहरुमा सार्वजनिक पुँजीको मात्रा घट्दै गएको र निजी पुँजीको मात्रा धेरै बढेर गएको छ । एसिया, अफ्रिका, लेटिन अमेरिकामा असमानता हुनु स्वाभाविक मान्न सकिएला तर युरोप, युएसए र क्यानाडामा पनि असमानताको तस्बीर अस्वाभाविक यथार्थ बनेको छ । एसियामा जापान र अस्ट्रेलियामा समेत असमानता बढेर गएको छ । आज विश्वको सम्पत्ति सीमित समूहमा केन्द्रित हुँदै गएको छ ।

*आजका विकसित मुलुकहरूमा सन् १९१० देखि असमानता घट्न थालेको हो । तर फेरि १९७० देखि बढ्न थाल्यो र २०१० सम्म आइपुग्दा असमानता असाध्यै धेरै भइसकेको छ ।*

**तालिका–१ : विश्व सम्पत्तिमा स्वामित्वको अवस्था**

| क.सं. | जनसङ्ख्या प्रतिशत | सम्पत्तिमा स्वामित्वको प्रतिशत |
|---|---|---|
| १. | शीर्ष १७ | ६०-७० |
| २. | शीर्ष १ | २०-३० |
| ३. | मध्यम ४० | २०-३० |
| ४. | फेदीको ५० | ५० भन्दा कम |

*स्रोत : http://picketty.pse.ens.fr/capital21c*

विश्वको सम्पत्तिको केन्द्रीकरणको अर्को प्रस्ट चित्र अक्स-फाम ग्रेट ब्रिटेनले आफ्नो प्रतिवेदनमा पेस गरेको छ ।

**तालिका–२ : विश्व सम्पत्तिको केन्द्रीकरण**

| क्रसं | सम्पत्ति प्रतिव्यक्ति (अमेरिकी डलर) | जनसङ्ख्या प्रतिशत | वयस्क सङ्ख्या (करोडमा) | विश्व सम्पत्तिको प्रतिशत | कूल सम्पत्ति (खर्वमा) |
|---|---|---|---|---|---|
| १. | १० हजार भन्दा कम | ६८.७ | ३२०.७ | ३ | ७० |
| २ | १० हजारदेखि-१ लाखसम्म | २२.९ | १०६.६ | १३.७ | ३३० |
| ३ | १ लाखदेखि-१० लाखसम्म | ७.७ | ३६.१ | ४२.३ | १०२० |
| ४ | १० लाख भन्दा माथि | ०.७ | ३.२ | ४१.० | ९९० |

*स्रोत : ग्लोबल वेल्थ रिपोर्ट २०१३- अक्स-फाम प्रतिवेदन वर्किङ फर द फ्यु-२०१४*

*कम्पनीहरूलाई र बैंकहरूलाई जोगाउन बेल आउट भन्ने नाममा जुन किसिमले राज्यले वित्तीय सहायता दियो रोजगारदाता कम्पनी मालिकहरूलाई त्यसले झन् असमानताकै राजमार्ग फराकिलो पाऱ्यो ।*

---

सम्पत्तिको सीमित हातहरुमा केन्द्रीकरणले देखाएको यो असाध्यै असमान वितरणले आयमा झन् ठूलो असमानता ल्याउँछ, ल्याएको छ । २१ औं शताब्दीको पहिलो दशकमा आएको वित्तीय-आर्थिक रोजगारी सङ्कटका क्रममा आयको असमानतालाई हेर्दा २०१२ मा ४४ वटा विकासशील देशहरुमा २० प्रतिशत शीर्षमा रहेका धनीहरुको हातमा कूल वार्षिक आयको ५० प्रतिशत र निर्धनतम २० प्रतिशतको भागमा मात्र ५ प्रतिशत परेको देखिन्छ । सन् १९९० यताको २०१२ सम्मको २२ बर्षे अवधिमा एसिया, अफ्रिका र लेटिन अमेरिकामा कूल राष्ट्रिय आयमा ज्यालाको सहभाग २० प्रतिशत घट्यो । विकसित अर्थव्यवस्थाहरुमा समेत ९ प्रतिशतले घट्यो । २००७ को अलिक पुरानो लैंगिक कोणबाट हिसाब हेर्दा विश्वको कूल ६६ प्रतिशत कामहरुमा महिलाको संलग्नता रह्यो, तर संसारका कूल गरिबहरुमध्ये ६०-७० प्रतिशत महिला नै देखिए । विश्व सम्पत्तिको स्वामित्वमा लैंगिक संरचना हेर्दा महिलाको स्वामित्वमा १५ प्रतिशत मात्र देखिन्छ । (तितुमिर र कमाल, २०१३)

असमानताका यी आयामहरु हेर्दा राज्यको भूमिका प्रभावकारी हुन नसकेको प्रष्ट हुन्छ । कम्पनीहरुलाई र बैंकहरुलाई जोगाउन बेल आउट भन्ने नाममा जुन किसिमले राज्यले वित्तीय सहायता दियो रोजगारदाता कम्पनी मालिकहरुलाई त्यसले झन् असमानताकै राजमार्ग फराकिलो पाऱ्यो । वर्गीय हिसाबले राज्यले पुँजीपक्षीय चरित्र राम्रैसँग सङ्कटका बेलामा प्रदर्शन गऱ्यो । सामाजिक सुरक्षाको खर्च र कल्याणकारी कार्यक्रमको खर्च भने कटौती गर्ने र कम्पनीहरुलाई धरासायी हुन जोगाउने कुराले केही रोजगारी जोगायो, तर त्यो भन्दा बढी पारिश्रमिक सुविधाका नाममा लाखौं लाखका रकम आफ्नो खल्तीमा भित्र्याइरहेका वयवस्थापन र रोजगारदाताका सम्मिलित रुप शीर्ष पदाधिकारीहरु- सिइओ, एम-डी, जी एम र यस्तै पदाधिकारीहरुको बढी सुरक्षा गऱ्यो ।

*आजसम्मको आर्थिक चिन्तनलाई हेर्दा तीन जना अर्थशास्त्रीहरू कोसेढुंगाको रूपमा देखिन्छन्, जसको मान्यता, विचार, सिद्धान्त र निष्कर्षहरूकै वरिपरि चिन्तन, नीतिहरू र विश्व अर्थव्यवस्था चलिरहेको छ ।*

समग्र दर्शन, आर्थिक सामाजिक विकास, आर्थिक चिन्तन केन्द्रित रहन्छ- समृद्ध, सम्पन्न समतामूलक समाज निर्माणमा । तर, उल्लिखित माथिका तथ्यहरुले एउटै निष्कर्ष दिन्छन्- चिन्तकहरुले देखेका र व्याख्या विश्लेषण गरेका आदर्श र सपनाहरु प्रभावकारी ढंगले कार्यान्वयन भएका छैनन् । फलतः प्रगति, विकास र उच्च आर्थिक वृद्धिका सारा प्रतिफल सम्पन्न वर्गकै भागमा पर्दै आएको छ ।

आजसम्मको आर्थिक चिन्तनलाई हेर्दा तीन जना अर्थशास्त्रीहरु कोसेढुंगाको रुपमा देखिन्छन्, जसको मान्यता, विचार, सिद्धान्त र निष्कर्षहरुकै वरिपरि चिन्तन, नीतिहरु र विश्व अर्थव्यवस्था चलिरहेको छ । ती तीन जना हुन्- एडम स्मीथ, कार्ल मार्क्स र जोन मेनार्ड किन्स । उनीहरुका विचार र मान्यताहरु अनेक कोणबाट आलोचना भएको छ । तर, बितेका तीन शताब्दीका निर्णायक सिद्धान्तकार यिनै तीन जना हुन् ।

# २. आर्थिक उदारीकरणका प्रवर्तक : एडम स्मीथ

आधुनिक अर्थशास्त्रका पिता मानिन्छन् एडम स्मीथ । सन् १७७६ मा 'एन इन्क्वायरी इन्टु द नेचर एण्ड कजेज अफ वेल्थ अफ नेसन्स' (राष्ट्रहरुको धनको प्रकृति र आर्जनका कारणबारे सोधखोज) नामको किताब जसलाई 'वेल्थ अफ नेसन्स' भनेर छोटकरीमा भन्ने चलन छ, यिनै एडम स्मीथले लेखेका हुन् । यस पुस्तकको आर्थिक चिन्तनको क्षेत्रमा युगान्तकारी महत्व छ ।

युरोपेली सामन्तवादको अन्तिम गौंडो वस्तु व्यापारवादी वा वणिकवादी आर्थिक चिन्तनको युगलाई समाप्त गरेर पुँजीवादतर्फ संक्रमणको समय थियो एडम स्मीथको समय । सन् १७७६ मा छापिकोे यो पुस्तक त्यही संक्रमणलाई जीवन्त र गतिशील बनाउने एउटा अधार बन्यो । सोह्रौं शताब्दीदेखि अठारौं शताब्दीको यो अवधिसम्म आर्थिक नीतिको सफलता भन्नु नै कति सुन चाँदी थुपार्न सकिन्छ भन्नेमा थियो । वस्तुको व्यापार गरेर सक्दो सुनचाँदी आर्जन गर्नु त्यसबेलाको लक्ष्य थियो ।

*एडम स्मीथ सुनको भण्डारबाट होइन, सम्पन्न गरिएको कामबाट नै राज्यको सम्पत्ति मापन गर्नुपर्ने धारणा अघि सार्दै राष्ट्रिय अर्थतन्त्रमा धन कसरी निर्माण हुन्छ भन्ने सिद्धान्तको रुपान्तरण गर्न सफल भए ।*

---

स्वर्ण संग्रहको यो कठोर समयमा आम मानिसको जीवन अत्यन्त कष्टकर थियो । शासकहरु, कुलीनहरु र भाग्याशाली सीमित मान्छेहरुको जीवन सुखमय थियो, तर बाँकी साराको लागि बितेका हज्जारौं बर्षहरु बाँच्नका लागि कठिन संघर्ष र कठोर राज्यव्यवस्थाको त्रासका बर्षहरु थिए ।

आम मान्छेहरुमाथि सामन्ती निरंकुशता र कथित कुलीन शासकहरुको दमनकारी शासनबाट आर्थिक स्वतन्त्रताको आधार खडा गऱ्यो मात्र तीन महिना अघि मार्च ९, १७७६ मा प्रकाशित यही पुस्तकले । जुलाई ४, १७७६ मा अमेरिकी स्वतन्त्रताको घोषणाले स्वतन्त्रताको संवैधानिक आधार खडा गऱ्यो आम मानिसका लागि ।

युरोपमा वणिकवादीहरुको त्यो युगमा अर्थतन्त्र शाही अदालतको आदेशमा चल्ने गरेको थियो । मानवीय स्वतन्त्रताको पक्षमा त्यस समयको यो पुस्तक एक प्रकारले पुँजीवादको घोषणापत्र थियो । एडम स्मीथ सुनको भण्डारबाट होइन, सम्पन्न गरिएको कामबाट नै राज्यको सम्पत्ति मापन गर्नुपर्ने धारणा अघि सार्दै राष्ट्रिय अर्थतन्त्रमा धन कसरी निर्माण हुन्छ भन्ने सिद्धान्तको रुपान्तरण गर्न सफल भए ।

समृद्धिका तीन वटा स्रोतको उनले पहिचान र व्याख्या गरे :

- आफ्नो हित-स्वार्थ र सम्पत्तिको लागि व्यक्तिको कडा प्रयत्न
- श्रम विभाजन र विशिष्टीकरण
- स्वतन्त्र व्यापार र प्रतिस्पर्धा

आफ्नो हित स्वार्थ र सम्पत्ति बढाउनका लागि मानिसले गर्ने कडा प्रयत्न र गतिविधिहरु नै उत्पादनशील हुन्छन् र त्यसले सबैको साझा हितको प्रवर्धन गर्छ ।

*स्वतन्त्र रूपले बिना बाधा अवरोध व्यापार गर्न पाएमा आफूले न्यूनतम खर्चमा अधिकतम उत्पादन गर्न सक्ने बस्तु मात्र उत्पादन गरेर व्यापार गर्दा अन्तर्राष्ट्रिय व्यापार गर्ने सबै देशलाई लाभ हुन्छ ।*

---

उनले भनेका छन्, मासु पसले, पेय पदार्थ बनाउने वा खाद्य पदार्थ व्यापारी वा ऋण दिने ऋणदाता वा बैंकबाट हामीले पाउने खाद्यपेय वा कर्जा-सापटी उनीहले गरेको परोपकार होइन, आफ्नै हित स्वार्थका लागि गरेको काम हो । हामी सबै आफ्ना आफ्ना समस्यालाई सम्बोधन गर्छौं र आफ्ना आफ्नै आवश्यकता र फाइदाका लागि क्रियाशील हुन्छौं ।

यो आफ्नै आवश्यकता र फाइदाका लागि क्रियाशील हुँदा फाइदालाई अधिकतम बनाउन श्रम विभाजन र विशिष्टीकरणले ज्यादै महत्वपूर्ण भूमिका खेल्दछ । आर्थिक विकासलाई अघि बढाउने नभई नहुने चालक शक्ति भनेको श्रम विभाजन र विशिष्टीकरण हो ।

श्रमको उत्पादक शक्तिमा महान सुधार तथा सीप, दक्षता र त्यसको ठीक उपयोग गर्ने निर्णय श्रम विभाजनकै प्रभाव र परिणाम हो । 'पीन' बनाउने कारखानाको उदाहरण दिएर उनले श्रम विभाजनको फाइदा र महत्वको सटिक व्याख्या गरे । पीन बनाउने काम एउटा व्यक्ति श्रमिकले मात्र गर्दा प्रति दिन उसले २/४ वा १० वटा बनाउन सक्ला । तर त्यही काम अलग अलग उपकाममा बाँडेर धेरै मान्छेले गर्ने हो भने हज्जारौ. हज्जार पीन एकै दिनमा बनाउन सकिन्छ । ५०० मान्छेहरुको पीन कारखानामा दैनिक ५ लाख पीन बन्छ भने प्रत्येक व्यक्ति १००० पीन उत्पादन गर्न सफल भए । श्रम विभाजन नगर्दा एक श्रमिकबाट १० वटा पीन मात्र उत्पादन हुन सक्दथ्यो ।

तेस्रो महत्वपूर्ण कुरा एडम स्मीथले मुक्त व्यापार र स्वतन्त्र प्रतिस्पर्धाको कडा पक्षपोषण गरे । तुलनात्मक लाभ हेरेर देश देश बिच पनि उत्पादनमा विशिष्टीकरण हुन्छ । स्वतन्त्र रुपले बिना बाधा अवरोध व्यापार गर्न पाएमा आफूले न्यूनतम खर्चमा अधिकतम उत्पादन गर्न सक्ने बस्तु मात्र उत्पादन

*यसरी अर्थव्यवस्थाको उदारीकरणको लागि सैद्धान्तिक जग उनैले बनाए । उनको मान्यता के थियो भने स्वतन्त्र बजार अर्थव्यवस्थाले आफै सन्तुलन सिर्जना गर्छ । उनले आउन सक्ने सङ्कटहरूको पूर्वानुमान गरेनन् ।*

गरेर व्यापार गर्दा अन्तर्राष्ट्रिय व्यापार गर्ने सबै देशलाई लाभ हुन्छ । सबै बस्तुको उत्पादन पनि अधिकतम हुन्छ । स्वतन्त्र प्रतिस्पर्धा र न्यूनतम खर्चमा उत्पादन भएकोले मूल्य पनि सस्तो हुन्छ र उपभोक्ताले उच्च गुणको बस्तु सस्तो मूल्यमा पाउँछन् । उनले स्कटलैण्ड र पोर्तुगलको उदाहरण दिए । ऊनको उत्पादनमा स्कटलैण्ड विशेष राम्रो, वाइनको उत्पादनमा पोर्तुगल उस्तै गतिलो । यदि स्कटलैण्ड ऊन र पोर्तुगल वाइन उत्पादनमा मात्र केन्द्रित हुने हो भने उनीहरु बिच भौगोलिक श्रम विभाजन हुन्छ र आआफ्ना विशेष बस्तुमा हुने विशिष्टीकरणले दुबैलाई व्यापार गर्दा अधिकतम फाइदा कम खर्चमा प्राप्त हुन्छ ।

त्यसैले समृद्धिका यी तिनै स्रोत - निजी लाभको प्रवृत्ति, श्रम विभाजन र व्यापार तथा प्रतिस्पर्धालाई स्वतन्त्रतापूर्वक आफ्नो काम गर्न दिनुपर्छ । राज्यले बजारलाई सकेसम्म स्वतन्त्र गतिविधिमा छोडेर अप्रत्यक्ष रुपले मात्रै प्रभावित गर्नुपर्छ । त्यसैले राज्यले सार्वजनिक सुरक्षा, राष्ट्रको प्रतिरक्षा, न्याय सम्पादनको सुनिश्चितता, सामाजिक आर्थिक पूर्वाधार निर्माण (शिक्षा, स्वास्थ्य, सिंचाइ, ऊर्जा, सडक आदि) जस्ता काममा मात्र सीमित रहनुपर्छ । यसो गरेमा नतिजाको रुपमा आधिकतम उत्पादकत्व प्राप्त हुनेछ ।

उन्नाइसौं शताब्दीमा उत्पादक शक्तिहरुको निर्वाध विकासलाई मार्ग प्रशस्त गराउँदै औद्योगीकरणको प्रारम्भिक चरणमा उनका सिद्धान्तहरुको ठूलो योगदान रह्यो । यसरी अर्थव्यवस्थाको उदारीकरणको लागि सैद्धान्तिक जग उनैले बनाए । उनको मान्यता के थियो भने स्वतन्त्र बजार अर्थव्यवस्थाले आफै सन्तुलन सिर्जना गर्छ । उनले आउन सक्ने सङ्कटहरुको पूर्वानुमान गरेनन् ।

उनी श्रमिकको शोषणप्रति पनि सचेत थिए । पुँजीवादको अँध्यारो पक्षको रुपमा निरन्तर र अधिक श्रमविभाजनले श्रमिकहरु मानसिक रुपले अपाङ्ग हुँदै

*उनले आफूलाई नैतिक दार्शनिक बढी र अर्थशास्त्री कम मानेका थिए । त्यसैले व्यावसायिकक कारोबारमा इमानदारिता, विश्वास र स्वच्छतामा जोड दिएका थिए ।*

जान्छन्, त्यसैले शैक्षिक अवसरहरु दिइरहुनपर्छ भन्ने विचार पनि उनले राखेका थिए । उनले आफूलाई नैतिक दार्शनिक बढी र अर्थशास्त्री कम मानेका थिए । त्यसैले व्यावसायिकक कारोबारमा इमानदारिता, विश्वास र स्वच्छतामा जोड दिएका थिए ।

सन् १९२९ को महामन्दी अघिसम्म स्मीथका सैद्धान्तिक निष्कर्षहरुमा आधारित आर्थिक उदारवादको शास्त्रीय सिद्धान्त प्रभावशाली रह्यो । १९२९ को सङ्कटमा मात्र बजारका अदृश्य हातहरुले सबै कुरा सुधार गरेर अर्थव्यवस्थालाई




साभार : एफ इ एस, इकोनोमिक्स एण्ड सोसियल डेमोक्रेसी

**चित्र १ : आफ्नो हित-स्वार्थको माध्यमबाट साझा हितको प्रवर्द्धन**

*अमेरिकी राष्ट्रपति रोनाल्ड रिगन र बेलायती प्रधानमन्त्री मार्गरिट थेचरको समयमा राज्यको हस्तक्षेप समाधान होइन, समस्या मात्र हो भन्ने नीतिगत आधार विकसित भयो ।*

सन्तुलनमा ल्याउँछन् भन्ने मान्यतामा व्यापक शंका र अविश्वास भयो । राज्यको अहस्तक्षेपको लेसेज फेयर अवधारणबाट चरम सङ्कट र निरन्तर उच्च बेरोजगारीको कुनै समाधानकारी व्याख्या हुन सकेन । यसले शास्त्रीय उदारवादको संरचना चर्किन थाल्यो ।

त्यसपछिको युग किन्सका विचारहरुको प्रभावको युग बन्यो । तर १९७० पछि फेरि नवउदारवादीहरुको हात समातेर आर्थिक उदारवाद पुनर्जागृत भयो ।

एडम स्मीथको बजार-दर्शन फेरि एक पटक नयाँ व्याख्याहरुका साथ प्रभावशाली भयो । अमेरिकी राष्ट्रपति रोनाल्ड रिगन र बेलायती प्रधानमन्त्री मार्गरिट थेचरको समयमा राज्यको हस्तक्षेप समाधान होइन, समस्या मात्र हो भन्ने नीतिगत आधार विकसित भयो । यसैले सार्वजनिक प्रतिष्ठानहरुको निजीकरण, बजारको अनियमन, व्यापारको उदारीकरण अर्थात् सीमाशुल्कहरुको न्यूनीकरण, राज्यले दिने अनुदानहरुको कटौती जस्ता राज्यको भूमिकालाई खुम्च्याउने नीतिहरु जोडतोडका साथ अघि बढाइयो । यसले सबैभन्दा बढी श्रमिकहरुलाई नै पीडित गर्‍यो ।

बजारका अदृश्य हात – बस्तु र सेवाको मागलाई सिर्जना र परिवर्तन गर्न सक्ने शक्तिहरु र पूर्तिलाई प्रभावित र परिवर्तन गर्ने शक्तिहरु नै बजारका अदृश्य हातहरु हुन्, जसले अर्थव्यवस्थालाई आफै असन्तुलनबाट सन्तुलनतिर तथा कठिनाइबाट सहजतातिर स्वचालित ढंगले लैजान्छ ।

**एडम स्मीथ** (१७२३–१७९०)

एडम स्मीथ आधुनिक अर्थशास्त्रका पिताको रुपमा मात्र होइन आर्थिक उदारवादका सुरुआती चिन्तक पनि हुन् । स्कटल्याण्डको एउटा भन्सार अधिकृतको रुपमा जीवनका क्रियाशील उमेर बिताए पनि उनी अर्थशास्त्रीको रुपमा ख्यातिप्राप्त र नैतिक दार्शनिकको रुपमा चिनिएका छन् ।

व्यक्तिवादलाई, व्यक्ति स्वतन्त्रतालाई आर्थिक क्षेत्रमा स्थापित गर्दै बजार दर्शनको आधार उनैले तयार गरेका हुन् । प्रत्येक व्यक्तिलाई आफ्नै हित स्वार्थका लागि स्वतन्त्रतापूर्वक काम गर्न दिइयो र बजारका शक्तिहरु माग र पूर्ति पक्षका शक्तिहरुलाई खुल्ला अन्तरक्रिया गर्न दिइयो भने समृद्धिलाई अधिकतम बिन्दुमा पुऱ्याउन सकिन्छ भन्ने मूलभूत मान्यता स्थापित गरे । यसै मूलभूत मान्यताको जगमा पुँजीवाद विकसित भयो । उनको प्रसिद्ध पुस्तक 'वेल्थ अफ नेसन्स' आर्थिक चिन्तनमा बजार दर्शनको आधार ग्रन्थ भएको छ । उनी आफू अर्थशास्त्रीभन्दा नीति दार्शनिक ठान्दथे आफैलाई । उनको कम चर्चित अर्को पुस्तक हो- 'द थ्योरी अफ मोरल सेन्टिमेन्ट्स' - १७५९ (नैतिक भावनाहरुको सिद्धान्त) । यो पुस्तक वेल्थ अफ नेसन्सको प्रकाशनभन्दा धेरै अगाडिको हो । यस पुस्तकको माध्यमबाट उनले घोषणा गरेका थिए- 'स्वच्छ व्यवहार, विश्वास र इमानदारिता आर्थिक गतिविधिको लागि अति आवश्यक छन्, आपसी सहानुभूति र स्नेहपूर्ण व्यवहार नै सामाजिक सह-अस्तित्वका लागि नभई नहुने प्रेरक शक्ति हो ।'

व्यक्तिवाद र प्राकृतिक स्वतन्त्रताका पक्षपोषक र व्याख्याता भए पनि सामाजिक सहअस्तित्वमा उनको ठूलो विश्वास थियो । त्यसैले व्यक्तिगत हित स्वार्थ बिच सामञ्जस्य (हार्मोनी अफ इन्टरेस्ट) ले नै समृद्धिको बाटो खुल्दछ भन्ने उनको मान्यता थियो ।

# ३. एडम स्मीथदेखि कार्ल मार्क्ससम्म

सामन्तवादले निचोर्नुसम्म निचोरेका पीडितहरु जत्थाको जत्था काम गर्ने पाखुरा मात्र लिएर गाउँहरुबाट शहर पस्न थाले ह्वार्ह्वार्ती । गाउँबाट शहरतिर गरिबी र भुखमरीबाट जोगिन शहर पस्ने युरोपका यी दुखियाहरुको आधार थियो शहरमा कारखानाहरुको स्थापना र ठूलो मात्रामा उत्पादन गर्ने पुँजीपतिहरुको लाभ कमाउने आकाङ्क्षा । पुँजीवाद विकासको आर्थिक दार्शनिक आधार एडम स्मीथले तयार गरिदिएका थिए । स्वतन्त्रताको चाहना र राजतन्त्रीय निरङ्कुशताको अन्त्य गर्ने राजनीतिक वातावरण उदाउँदो बौद्धिक वर्गले तयार गरिरहेको थियो ।

अनिकाल, भुखमरी र निरङ्कुश दमनकारी शासनले दिएको चरम निराशालाई अन्त्य गर्ने एउटा नयाँ आशा युरोपमा बामे सर्न थाल्यो । यो आशाको बामे सराइको ऊर्जा अमेरिकी क्रान्तिका- 'जीवन, स्वतन्त्रता र खुसी' तथा फ्रेन्च क्रान्तिका - 'स्वतन्त्रता, समानता र भ्रातृत्व' का यी नाराहरु नै थिए । तर

*एडम स्मीथका सैद्धान्तिक मान्यताहरूलाई लोकप्रियतामा उचाल्ने काम र "बजारको नियम" को आधारमा ठोस जग दिने काम फ्रेन्च अर्थशास्त्री जे.बी.सेले गरे । उनलाई फ्रेन्च एडम स्मीथ पनि भनिन्छ ।*

---

त्यसले मूर्तता पायो एडम स्मीथको 'वेल्थ अफ नेसन्स' को प्रकाशन पछि । निरङ्कुश राज्य व्यवस्था विरुद्ध आर्थिक क्षेत्रमा सरकारको अहस्तक्षेपको मान्यता प्रभावकारी साबित भयो । 'त्यो सरकार नै सर्वोत्तम सरकार, जसले कम भन्दा कम शासन गर्छ' भन्ने निष्कर्ष लोकप्रिय भयो । फ्रेन्चहरुमा लोकप्रिय हुँदै गएको 'लेसेज फेयर' र एडम स्मीथको 'प्राकृतिक स्वतन्त्रता' को मान्यताले सरकारका कामलाई सीमित पारेर व्यक्ति स्वतन्त्रताको एउटा नयाँ युगको सुरुवात गरे । प्रगतिको एउटा नयाँ राजमार्ग धमाधम खनिँदै गयो । तर यो यात्रामा अमानवीय र विकृतिका पक्ष पनि हुर्कँदै गए ।

एडम स्मीथका सैद्धान्तिक मान्यताहरुलाई लोकप्रियतामा उचाल्ने काम र 'बजारको नियम' को आधारमा ठोस जग दिने काम फ्रेन्च अर्थशास्त्री जे.बी.सेले गरे । उनलाई फ्रेन्च एडम स्मीथ पनि भनिन्छ । जे.बी.सेको बजारको नियम शास्त्रीय अर्थशास्त्रको आधारभूत नियमको रुपमा स्थापित भयो । यो नियमको सार हो- 'बस्तुको आपूर्तिले आफ्नो माग आफैं सिर्जना गर्छ ।' उत्पादन आफै नै उपभोगको स्रोत हो । आपूर्ति पक्षमा आधारित एकपक्षीय आर्थिक मोडेल हो- वास्तवमा शास्त्रीय अर्थशास्त्रीहरुको चिन्तनको सार । उत्पादन अथवा आपूर्तिले उपभोग र मागको सिर्जना गर्ने हुनाले मागको कमीले अर्थव्यवस्थामा बाधा अवरोधहरु आउन सक्दैन । जसरी हुन्छ, लागतलाई कम गरेर सकेसम्म उत्पादन गर, उत्पादनले मागको सिर्जना गर्छ र माग पूर्तिको सन्तुलन बजारमा स्वचालित ढंगले हुन्छ । अति उत्पादन वा बिक्री नभएर बजारमा उत्पादित बस्तु गोदाममा थन्किने अवस्था आउँदैन भन्ने निष्कर्ष थियो शास्त्रीय अर्थशास्त्रमा । त्यसैले सकेसम्म उत्पादन गर्ने र उत्पादन लागतलाई कम गर्ने प्रयत्नमा श्रम सबैभन्दा बढी उपेक्षित र शोषित भयो, एडम स्मीथको आदर्श व्याख्या पछिको

*जति ठूलो मात्रामा उत्पादन गरे पनि उत्पादन वृद्धिको तुलनामा जनसङ्ख्या वृद्धि तीव्र गतिले हुन्छ र समृद्धिभन्दा कठिनाइ र सङ्कटको सम्भावना बढी हुन्छ ।*

व्यावहारिक पुँजीवाद विकासको कालखण्डमा । किनभने सैद्धान्तिक रुपमा समेत ज्याला सम्बन्धी सिद्धान्तहरु श्रमिकका विपक्षमा उभिए ।

एडम स्मीथको आदर्श समृद्धिको व्यवस्थामा अर्थशास्त्री टी.आर. माल्थसको जनसङ्ख्या सिद्धान्तले निराशाको अँध्यारो पक्ष प्रस्तुत ग¥यो । जति ठूलो मात्रामा उत्पादन गरे पनि उत्पादन वृद्धिको तुलनामा जनसङ्ख्या वृद्धि तीव्र गतिले हुन्छ र समृद्धिभन्दा कठिनाइ र सङ्कटको सम्भावना बढी हुन्छ । उत्पादन वृद्धि अङ्कगणितीय दरले १,२,३,४। हुँदै अघि बढ्छ भने जनसङ्ख्या वृद्धि ज्यामितीय गतिमा १,२,४,८,१६ हुँदै अघि बढ्छ । त्यसैले उत्पादन वृद्धिलाई जनसङ्ख्या वृद्धिको दरले उछिनेर खाद्य समस्या र भुखमरीतिर लैजान्छ । मानिस र प्रकृति बिचको सन्तुलन खल्बलिन्छ र प्राकृतिक प्रकोपहरुको लहर समेत सुरु हुन्छ भन्ने माल्थसको निष्कर्ष थियो । तत्कालीन युरोपमा देखिएका जनसाङ्ख्यिक समस्याले बजारको आदर्शलाई दिने चुनौतीको व्याख्या माल्थसले गरे । जनसङ्ख्या वृद्धिले श्रमको आपूर्ति बढाउँछ । बढी ज्याला भयो भने श्रमभन्दा मनोरञ्जनतिर श्रमिकवर्ग आकर्षित हुन्छ र जनसङ्ख्या झन् बढ्छ । त्यसैले श्रमिकलाई कति ज्याला दिने भन्दा जीवन निर्वाहका लागि पुग्ने मात्र दिने भन्ने ज्यालाको जीवन निर्वाह सिद्धान्त विकसित भयो । बणिकवादी अर्थशास्त्रीहरुको विश्वास पनि श्रमको दमनकारी प्रयोगमा नै आधारित थियो । त्यसैबाट अघि बढेर श्रमको माग र श्रमको पूर्तिसँग विश्लेषण गर्दै डेभिड रिकार्डोले र पछिल्ला शास्त्रीय अर्थशास्त्रीहरुले ज्यालाको जीवन निर्वाह सिद्धान्त तयार गरे । यो श्रमको शोषणलाई सैद्धान्तिक आधार दिने हतियार बन्यो तत्कालीन पुँजीपतिहरुलाई ।

लेसेज फेयर - आर्थिक क्षेत्रमा सरकारको अहस्तक्षेप नीतिलाई जनाउने फ्रेन्च भाषाको लोकप्रिय शब्दावली ।

*प्रारम्भिक पुँजीवाद विकासको कालमा श्रमिकको शोषणले सीमा नाघेको थियो । काम १६ घन्टासम्म, जीवन निर्वाहको स्थिति अमानवीय र व्यवस्थापनको व्यवहार दासतामूलक ।*

---

त्यस्तै जोन एस. मिलको ज्यालाकोष सिद्धान्त पनि श्रमिकको शोषण गर्ने सिद्धान्त हो । यस सिद्धान्त अनुसार उद्योगी व्यवसायीले आफ्नो चालू पुँजीबाट एउटा ज्याला कोष निर्माण गर्छन् । यो ज्याला कोष बचतको मात्रामा भर पर्दछ, साथै धेरै श्रम चाहिने भए, यो ज्यालाकोषमा उद्योगीले बढी रकम राख्दछ र थोरै श्रमिक चाहिने भए कम रकम । ज्यालाकोष स्थिर रहन्छ, त्यसमा श्रमिकहरुको केही हात रहँदैन । बढी श्रमिक काममा लगाए, ज्याला दर कम हुन्छ, थोरै श्रमिक काममा लगाए, ज्याला दर बढी हुन्छ । जीवन निर्वाह सिद्धान्त जस्तै यो पनि श्रमलाई बस्तु सरह व्यवहार गर्ने सिद्धान्त हो, जसले श्रमको शोषणलाई नै बल पुऱ्याउँछ । त्यस्तै ज्यालालाई अवशेष मात्र ठान्ने अवशिष्ट दाबीको सिद्धान्त पनि छ, यस अनुसार पुँजीपतिको ब्याज, भूमिपतिको लगान र उद्यमीको लाभ हिसाब गरेर निकाले पछि जति रहल पहल हुन्छ त्यही नै श्रमिकको ज्यालाको रुपमा वितरित हुन्छ । यो पनि अत्यन्त पिछडिएको र श्रमिकलाई दासको रुपमा व्यवहार गर्ने सिद्धान्त हो । सीमान्त उत्पादकत्वको सिद्धान्तले श्रमिकको उत्पादकत्वसँग ज्यालालाई जोडेको छ, तर त्यसले पनि श्रमिकलाई न्याय गरेको छैन । ज्याला सौदाबाजीको सिद्धान्त श्रमिक संगठनको शक्तिमा आधारित छ, तर युनियन विरोधी उद्यमीहरुले एक वा अर्को बहानामा सौदाबाजीको सिद्धान्तलाई क्रियाशील हुन दिएनन् । श्रमिक संगठनहरुको शक्ति र क्षमता पनि त्यस समयमा अत्यन्त सीमित र दमित थियो ।

प्रारम्भिक पुँजीवाद विकासको कालमा श्रमिकको शोषणले सीमा नाघेको थियो । काम १६ घन्टासम्म, जीवन निर्वाहको स्थिति अमानवीय र व्यवस्थापनको व्यवहार दासतामूलक । यी कुरुप परिणामहरुले नै कार्ल मार्क्सलाई, उनको चिन्तन र आदर्श सिद्धान्तलाई नयाँ धरातल, आकार र आयाम दिए ।

# ४. कार्ल मार्क्सः चिन्तन र परिवर्तनको बेग्लै मूल प्रवाह

पुँजीवादी प्रणालीलाई स्वचालित र सङ्कटहरुलाई बजारको माग र पूर्तिको अन्तरक्रियाले आफै समाधान गर्न सक्ने प्रणालीको रुपमा व्याख्या हुने गर्दथ्यो । कार्ल मार्क्सले पुँजीवादभन्दा परसम्मको युग युगका द्रष्टाका रुपमा व्याख्या गरे । अर्थशास्त्रको व्याख्याभन्दा अझ माथि उठेर दर्शनको दूगामी उकालाहरु उक्लेर मार्क्सले बृहत विश्लेषण गरे । एडम स्मीथका विचारको सैद्धान्तिक ढंगले विरोध गरे मार्क्सले भन्ने कुरा अर्धसत्य मात्र हो । मार्क्सले स्मीथका रचनाहरुको सूक्ष्म अध्ययन गरेर स्मीथका निष्कर्षहरुलाई ठिक ठाने । पुँजीवादमा आविष्कारको क्षमता र उत्पादन वृद्धि तथा उत्पादनको गुणस्तरीयतालाई स्मथीले भन्दा मार्क्सले अझ बढी जोड दिए । तर यिनै निष्कर्षबाट अझ अगाडि बढेर पुँजीवादमा अन्तर्निहित अस्थिरता र ध्वंशकारी चरित्र पनि उनले देखे, जसले 'राष्ट्रको सम्पत्ति' बढाउने होइन, बरु बहुसङ्ख्यक श्रमिकहरुलाई शोषित र विपन्नताको जालोमा जकडेर दाससरह बनाउँछ -

*मार्क्सको विश्लेषण अनुसार खुल्ला बजारले कष्ट र शोषणतिरै लैजान्छ, किनभने पुँजीपतिहरूको अकुत लाभ श्रमिकहरूको शोषणकै परिणाम हो ।*

मार्क्सका निष्कर्षलाई राम्ररी बुझ्न उन्नाइसौं शताब्दीको प्रारम्भिक औद्योगीकरणको युगमा श्रमिकहरुको चरम दूरावस्थालाई हेर्नु र महसुस गर्नुपर्छ ।

"शहरको बाहिरी भागमा श्रमिकहरुकै लागि बनाइएका कुरुप सामूहिक निवासका घरहरु भीडभाडयुक्त, अस्वस्थ र महंगा थिए । एउटै कोठामा पूरै परिवार सुत्ने र एउटै ओछ्यान पालैपालो उपयोग गर्ने अवस्था थियो । कामको सिफ्ट अनुसार एउटा उठेर गएपछि कामको सिफ्ट सकेर आएको अर्को त्यही ओछ्यानमा सुत्दथ्यो । कारखानामा कामको अवस्था यन्त्रको सजिलोपनमा आधारित थियो, जस अनुसार श्रमिकले चल्नुपर्दथ्यो । काम हप्ताको ७० घन्टा गर्नुपर्ने नियम थियो, अझ कपडा उद्योगमा त ८० घन्टासम्म । बालश्रमिकहरुको व्यापक प्रयोग थियो । सामाजिक सुरक्षा भन्ने कुरा जानकारीमा नै थिएन । स्वास्थ्यको हेरविचार भनेको सारै नगण्य ।" (ड्युसवर्गमा रहेको औद्योगिक संस्कृति संग्रहालयले देखाएको यथार्थ चित्र)

कामको यस्तै दयनीय अवस्था गरिब मुलुकहरुमा अझै पनि छ । हामी नेपालीले त कतारका श्रम शिविरहरुको अवस्थालाई झलझली सम्झन्छौं यो माथिको यथार्थ चित्र पढ्दा ।

मार्क्सले जिउने र काम गर्ने यो दुरावस्थालाई दुर्भाग्यपूर्ण दुर्घटना मानेनन्, तर पुँजीवादको स्वाभाविक परिणामको रुपमा विश्लेषण गरे । उनको विश्लेषण अनुसार खुल्ला बजारले कष्ट र शोषणतिरै लैजान्छ, किनभने पुँजीपतिहरुको अकुत लाभ श्रमिकहरुको शोषणकै परिणाम हो ।

यो शोषणको व्याख्या गर्न उनले अतिरिक्त मूल्यको सिद्धान्त नै तयार गरे । १८६७ मा 'पुँजी'को पहिलो संस्करणमा नै यो सिद्धान्त प्रस्तुत गरे । पुँजीपतिले

*अतिरिक्त मूल्यको शोषण गर्ने अतृप्त प्यासले क्रमशः सम्पत्ति नहुने र सम्पत्ति तथा पुँजी हुने गरी सिंगो समाजलाई नै दुई कित्तामा विभाजित गर्दै जान्छ ।*

आफूले लगानी गरेको पुंजीको तुलनामा धेरै बढी लाभ उठाउँछ । यो लाभ श्रमिकले दिएको श्रमबाट सिर्जना भएको बढी मूल्यभन्दा कमै ज्याला दिएर पुँजीपतिले आफ्नो पार्ने थप मूल्य हो । श्रमिकलाई केवल जीवन निर्वाह मात्र जसोतसो चल्ने ज्याला दिएर श्रमको कारणले त्यो भन्दा बढी थप मूल्य जति प्राप्त भएको छ, त्यो नै अतिरिक्त मूल्य हो ।

निरन्तर बढिरहने प्रतिस्पर्धाले गर्दा पुँजीपति जहिले पनि अतिरिक्त मूल्यलाई सकेसम्म बढाउन चाहन्छ । श्रमको उचित ज्याला नदिने तथा उपभोक्तासँग बढी मूल्य असुल गर्ने प्रवृत्ति हुन्छ । बस्तु र सेवाको मूल्य सम्बन्धी उनको सिद्धान्तलाई मूल्यको श्रम सिद्धान्त मानिन्छ, जसले 'श्रमिकको शोषण नै पुँजीवादी अर्थतन्त्रको लाभको स्रोत हो' भन्ने मान्यतालाई स्थापित गर्ने प्रयत्न गरेको छ । ज्यालालाई कम पार्ने र कार्य घन्टालाई बढाउने प्रयत्न पुँजीपतिले गर्दछ । श्रम समयबाट हिसाब गर्दा श्रमिकले काम गर्ने कूल श्रम घन्टा र श्रमिकलाई जीवन निर्वाहको लागि आवश्यक पर्ने श्रम घन्टा बिचको अन्तर नै अतिरिक्त मूल्य हो, परिवार गार्मेन्टमा काम गर्ने सलीम खाँले आफ्नो जीवन निर्वाहका लागि अहिलेको ज्याला दरमा ६ घन्टा मात्र काम गर्दा पुग्छ, तर ओभर टाइम समेत नदिई उनलाई १० घन्टा काम लगाएमा थप चार घन्टाको श्रम मूल्य अतिरिक्त मूल्य हो, जो उद्यमी एक्लैले लिन्छ ।' (जिफन्ट, ट्रेड युनियन र श्रमको मूल्य सिद्धान्त) उही ज्यालामा कार्य घन्टा बढाएर वा जीवन निर्वाहलाई अझ कष्टकर बनाएर पुँजीपतिले अतिरिक्त मूल्य बढाउने गर्छ । त्यसैले ज्याला घटाइने, श्रम समय बढाइने र उत्पादन खर्च अझ कम गर्न यन्त्रको प्रयोग बढाइने काम हुन्छ, यसले बेरोजगारी झन् बढाउँछ । अतिरिक्त मूल्यको शोषण गर्ने अतृप्त प्यासले क्रमशः सम्पत्ति नहुने र सम्पत्ति तथा पुँजी हुने गरी सिंगो समाजलाई नै दुई कित्तामा विभाजित गर्दै जान्छ ।

*एडम स्मीथले व्याख्या गरेको श्रम विभाजन र विशिष्टीकरणले ल्याउने दुस्परिणामले श्रमिकमा उत्पन्न हुनसक्ने निराशाको अँध्यारो पक्षलाई मार्क्सले यो धारणाबाट नयाँ आयाम दिएका छन् ।*

अतिरिक्त मूल्यको सिद्धान्त बाहेक श्रम र पुँजीको सम्बन्धको विश्लेषण गर्दा मार्क्सले 'श्रमको पराइकरण' सम्बन्धी धारणा पनि अघि सारेका छन् । एडम स्मीथले व्याख्या गरेको श्रम विभाजन र विशिष्टीकरणले ल्याउने दुस्परिणामले श्रमिकमा उत्पन्न हुनसक्ने निराशाको अँध्यारो पक्षलाई मार्क्सले यो धारणाबाट नयाँ आयाम दिएका छन् । ठूलो मात्राको उत्पादन कार्यमा श्रमिक एउटा सानो अत्यन्त सीमित र निरस ढंगको काममा सधैं केन्द्रित हुन्छ । बस्तु उत्पादन पछि त्यो बस्तुमा उसको स्वामित्वको कुनै भावना नै हुँदैन । जस्तै गार्मेन्ट कारखानामा खल्ती मात्र बनाउने श्रमिकलाई सिंगो टिसर्टमाथि आफूले बनाएको भन्ने सन्तोष र स्वामित्वको भावना आउन सक्तैन । यो नै श्रमको पराइकरण हो ।




सामार : एफ इ एस, इकोनोमिक्स एण्ड सोसियल डेमोक्रेसी

**चित्र २ : मार्क्सका तार्किक विश्लेषणको आधारभूत संरचना**

*सर्वहारा क्रान्तिले निजी स्वामित्वको अन्त्य गर्नेछ भन्ने उनको विश्वास थियो । श्रमिक वर्गलाई न्यून ज्याला र निर्वाह गर्न सधैं अपुग हुने अवस्थामा सम्पत्ति सञ्चय गर्न सक्ने कुनै सम्भावना नै थिएन ।*

तर पनि एडम स्मीथ प्रतिस्पर्धा र श्रम विभाजनलाई प्रगतिको सुन्दर 'फोहरा' मान्दथे । तर मार्क्सले प्रतिस्पर्धा र श्रम विभाजनलाई शोषण र पराइकरणका कारण र पुँजीवादका खराबीका मूल जराको रुपमा पहिचान गरे । उत्पादनमा भएका अकल्पनीय वृद्धिहरुले पुँजीपतिलाई लाभान्वित गर्दै श्रमिकलाई अझ दुरावस्थातिर धकेलिरहेको उनले महसुस गरे ।

लाभमुखी आर्थिक व्यवस्था अस्थिर तथा सङ्कटमुखी हुन्छ र यसले शोषितहरुको क्रान्ति निम्त्याउँछ, उनले निष्कर्ष निकाले ।

उत्पादनका साधनहरुको केन्द्रीकरण सीमित पुँजीपतिका हातहरुमा र एउटैखाले शोषण तथा कष्टकर जीवनले श्रमिकको सामूहिकीकरण वा सामाजिकीकरण एउटा यस्तो बिन्दुमा पुग्छ, जहाँ विस्फोट अनिवार्य हुन्छ र पुँजीवादी व्यवस्था ध्वस्त हुन्छ । यो उनको विश्लेषणले देखेको दोस्रो परिणाम थियो ।

किनभने उत्पादनका साधनहरुमा निजी स्वामित्व पुँजीवाद समाजको वर्गीय विशेषता हो । सर्वहारा क्रान्तिले निजी स्वामित्वको अन्त्य गर्नेछ भन्ने उनको विश्वास थियो । श्रमिक वर्गलाई न्यून ज्याला र निर्वाह गर्न सधैं अपुग हुने अवस्थामा सम्पत्ति सञ्चय गर्न सक्ने कुनै सम्भावना नै थिएन । त्यसैले उत्पादनका साधनहरुको, यातायातका साधनहरुको, बैंक लगायत वित्तीय साधनहरु राज्यको स्वामित्वमा लगिनु अनिवार्य हुन्छ भन्ने उनलाई लागेको थियो । उत्पादनका साधनको स्वामित्वले निजी सम्पत्तिको आधार खडा गर्छ । निजी सम्पत्ति र उत्पादनका साधन हुने र नहुने स्वतः आर्थिक हिसाबले दुई परस्पर विरोधी वर्गमा विभाजित हुन्छन् । त्यसैले उत्पादनका साधन सबै राज्यको स्वामित्वमा रहने भएपछि मात्र वर्गविहीन शोषणविहीन समाज निर्माण हुन सक्दछ । राज्य लाभ कमाउने स्वार्थ भएको संस्था होइन । तसर्थ पुँजीपति वर्गको हातमा हुँदा

*मार्क्सले इतिहासलाई वर्ग संघर्षको परिणामको रूपमा व्याख्या गरे । बुर्जुवा वर्ग र सर्वहारा वर्ग बिचको चरम संघर्ष अन्तत: सर्वहारा क्रान्तिमा रूपान्तरित हुन्छ । यसको परिणाम उत्पादनका साधनमा निजी स्वामित्व र बेहिसाब लाभको प्रतिस्पर्धा अन्त्य हुन्छ ।*

---

राज्य शोषणको आधार हुन्छ भने श्रमिक वर्गको हातमा राज्य समताको आधार बन्दछ ।

त्यसैले मार्क्सले इतिहासलाई वर्ग संघर्षको परिणामको रुपमा व्याख्या गरे । बुर्जुवा वर्ग र सर्वहारा वर्ग बिचको चरम संघर्ष अन्तत: सर्वहारा क्रान्तिमा रुपान्तरित हुन्छ । यसको परिणाम उत्पादनका साधनमा निजी स्वामित्व र बेहिसाब लाभको प्रतिस्पर्धा अन्त्य हुन्छ । यसरी वर्ग विहीन समाजको आदर्श सपना उनले प्रस्तुत गरे । वर्गविहीन समाजको अभ्यास सर्वहारा क्रान्ति पछि स्थापित हुने वैज्ञानिक समाजवादी प्रणालीमा अगाडि बढ्दछ । उत्पादन र समतामूलक वितरणको यस्तो प्रणाली जहाँ योग्यता अनुसारको काम र आवश्यकता अनुसारको पारिश्रमिक सुविधाको अभ्यास हुँदै जान्छ। सर्वहारा वर्गको अधिनायकत्वमा सञ्चालन हुने यो वैज्ञानिक समाजवादी प्रणालीले परिपक्व हुँदै पूर्णता प्राप्त गर्दा समाज आफै यसरी शोषण विहीनतामा पुग्छ, जहाँ राज्य भन्ने संस्थाको आवश्यकता नै रहँदैन। मानव सभ्यताको सुरुवातमा पनि राज्य थिएन, चरम समृद्धि र सम्पन्नता भएको उन्नत सभ्यताको कालखण्डमा पनि राज्य रहँदैन। केबल राज्यविहीन शोषण विहीन मानव समाज क्रियाशील रहन्छ ।

पछिल्ला अवधिमा उनले देखेको प्रारम्भिक पुँजीवादको त्यो स्वरुप रहेन। त्यसैले श्रमिकहरुको त्यो चरम दुरावस्था वा सम्पत्तिको /पुँजीको त्यो भयावह केन्द्रीकरण पनि केही हदसम्म नियन्त्रित भयो । विज्ञान, प्रविधि, आविष्कार र उत्पादन तथा सेवाको अकल्पनीय बिस्तारमा त्यसको प्रतिफलको रुपमा आएको समृद्धि पनि केही हदसम्म वितरित हुन सक्यो । यसले श्रमिक वर्ग भित्रबाटै विकास र समृद्धिका प्रतिफलमा सशक्त ढंगले आफ्नो सहभाग लिन सक्ने मध्यम वर्गको विकास बिस्तार भयो । श्रमिक वर्ग केवल सर्वहारामा सीमित रहेन । तत्कालीन समयमा देखिएको सर्वहारा भन्न सकिने वर्गको आकार परिवर्तनकारी

*ट्रेड युनियनहरूको संगठन, शक्ति र ऐक्यबद्धताको विश्वव्यापी फैलावट, नागरिक समाजको पुँजीवादको अमानवीय निर्ममता विरुद्ध प्रतिरोधक आन्दोलन तथा कल्याणकारी राज्यव्यवस्थाको अवधारणाको सुदृढीकरण र अभ्यासको परिणाम हो ।*

क्रान्तिकारी शक्तिको रुपमा देखिएन । सर्वहारा भन्न सकिने वर्ग एउटा सानो उप वर्ग र मध्यम वर्गका सम्पन्नतातिर पाइला सार्दै जाने विभिन्न अवसरवादी र क्रान्तिकारी दुबैखाले उपवर्गहरुमा श्रमिक वर्गको बिस्तार र फैलावट देखियो ।

यी नतिजाहरु मार्क्सवादी विचारको प्रभाव र त्यसले उतप्रेरित गरेका संघर्ष र आन्दोलनका परिणाम हुन् । ट्रेड युनियनहरुको संगठन, शक्ति र ऐक्यबद्धताको विश्वव्यापी फैलावट, नागरिक समाजको पुँजीवादको अमानवीय निर्ममता विरुद्ध प्रतिरोधक आन्दोलन तथा कल्याणकारी राज्यव्यवस्थाको अवधारणाको सुदृढीकरण र अभ्यासको परिणाम हो । मार्क्सवादी धारले उत्पन्न गरेको न्याय र समतामा केन्द्रित अधिकारमुखी आन्दोलनको परिणाम हो ।

**सर्वहारा** : काम गर्नका लागि आफ्नै दुई हात पाखुरा बाहेक अरु कुनै पनि सम्पत्ति वा पुँजी वा उत्पादनको कुनै साधन नभएको केवल श्रम बेचेर बाँच्ने श्रमिक । सर्वहारा शब्द लेटिन भाषाबाट लिइएको शब्द हो, जसको अर्थ सबैभन्दा तल्लो सामाजिक समूहको मान्छे बुझिन्छ ।

**बुर्जुवा** : उत्पादनका साधनहरमा स्वामित्व भएको, निजी सम्पत्तिको आधारमा लाभका लागि चलखेल गर्न सक्ने र अरुलाई काममा लगाएर आफू प्रतिफल हत्याउन सक्ने वर्ग । बुर्जुवाजी शब्द फ्रेन्च भाषाको हो, जसले समाजको सम्पन्न र सम्पत्तिमा पूरा स्वामित्व भएको व्यवसायी, पुँजीपति, प्रबन्धक आदि समूहलाई जनाउँछ ।

**कार्ल मार्क्स** (१८१८-१८८३)

कार्ल मार्क्स जर्मन दार्शनिक, अर्थशास्त्री, इतिहासविद र राजनीतिक पत्रकार - धेरै पहिचानहरुमा छरिएको अद्वितीय व्यक्तित्व ।

१८४८ मा प्रकाशित कम्युनिस्ट मेनिफेस्टो (कम्युनिस्ट पार्टीको घोषणापत्र) र १८६७ देखि १८९४ सम्ममा तीन भागमा प्रकाशित 'पुँजी' अर्थात दास क्यापिटल उनका विचारहरुका युगान्तकारी ग्रन्थहरु हुन् । द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको आधारमा जगत र जीवनको विश्लेषण, प्रकृति र मानव सभ्यताको वैज्ञानिक व्याख्या तथा भविष्यका लागि लामो मार्गचित्र उनको क्रान्तिकारी परिवर्तनकारी दर्शनले समेटेको थियो । दर्शनको दरिद्रतामा आपत्ति गर्दै संसारको व्याख्या मात्र होइन, त्यसलाई बदल्ने, परिवर्तन र रुपान्तरण गर्ने आवश्यकता, अठोट र परिचालनको बाटो उनैले प्रस्तुत गरे ।

एडम स्मीथ र त्यसै परम्पराका अर्थशास्त्रीहरुलाई शास्त्रीय अर्थशास्त्री नाम मार्क्सले नै दिएका हुन् । उनीहरुको उदारवादी अर्थशास्त्रले स्वतन्त्र बजारको विकासबाट स्थायित्व र विकास देखेका थियो, तर मार्क्सले त्यसैमा वर्ग संघर्ष, शोषण, सङ्कटग्रस्त प्रणाली देखे, जसले सर्वहारा क्रान्तितर्फ समाजलाई लग्दै थियो । चिन्तन र विश्लेषणको आफ्नै विधि तथा विशेष प्राविधिक शब्दावली जस्तै- सर्वहारा, बुर्जुवा, अतिरिक्त मूल्य, ऐतिहासिक भौतिकवाद आदिका साथ एक भिन्नै गतिशीलताको सिंगो विचारधारा र वादको आरम्भ गरे ।

ग्रीक दर्शनमा विद्यावारिधि गरेका, धाराप्रवाह ढंगले फ्रेन्च, जर्मन र अङ्ग्रेजी भाषा बोल्न सक्ने तथा विज्ञान, साहित्य, कला, इतिहास, गणित र दर्शनमा पूर्ण बौद्धिक बहस र व्याख्या गर्ने प्रतिभाशाली विद्वानको रुपमा उनी विश्व विख्यात भए । उनको पुस्तकले आर्थिक चिन्तनको शक्तिशाली नयाँ मोडेल सृजना गर्‍यो ।

कार्ल मार्क्सले सम्भ्रान्त वर्गमा जन्मेर पनि गरिबीमा जिन्दगी गुजारे । उनले पुँजीपति वर्गले श्रमिक वर्गको शोषणलाई कम्युनिस्ट मेनिफेस्टो मार्फत 'नग्न, निर्लज्ज, प्रत्यक्ष र निर्मम शोषण' भने । त्यसैले घोषणा र आह्वान गरे- 'साम्यवाद उन्मुख क्रान्तिबाट शासक वर्गलाई थरथर काम्न देउ १' 'सर्वहारासँग आफूलाई बाँध्ने सिक्री बाहेक गुमाउनु पर्ने केही पनि छैन, तर जित्नका लागि सिंगो संसार छ १' 'सबै देशका श्रमिकहरु एक होऊ १'

# ५. मार्क्सदेखि किन्ससम्मको कालखण्ड

मार्क्सको समय र त्यसपछि पुँजीवाद जसरी तीव्र गतिले फैलियो, अर्थशास्त्रको पनि प्राविधिक विकास तीव्र गतिले भयो । आर्थिक चिन्तनको सूक्ष्म र गहिरो प्राविधिक विकास भयो । अल्फ्रेड मार्सल लगायत नव शास्त्रीय अर्थशास्त्रीहरुका माग, उपभोक्ता व्यवहार, उत्पादन, विनिमय, बजार, वितरण, मुद्रा, कल्याण लगायत विभिन्न आर्थिक विषयहरुमा नियम, सिद्धान्त र विश्लेषणात्मक व्याख्याहरु स्थापित भए । अर्थशास्त्रका अनेक थरी विचारधारा आधारित समूहहरु विकसित भए । अर्थशास्त्र समृद्ध हुँदै गयो, तर समाज परिवर्तन र श्रमिकको जीवनमा परिवर्तनको मार्क्सको समकक्ष उभिएर चुनौती दिन सक्ने कुनै प्रणालीको विकास भएन । पुँजीवादको घेराभित्र प्राविधिक ढंगले आर्थिक चिन्तनहरुको विकास भए पनि आक्रामक ढंगले अघि बढिरहेको समाजवादका लागि ती चुनौती थिएनन् ।

पुँजीवादमा डरलाग्दा सङ्कटहरु बढ्दै गए, धरासायी हुने हदसम्मको महामन्दी आयो सन् १९३० मा । त्यो भन्दा अगाडि प्रथम विश्वयुद्ध र रुसमा लेनिनको

*पुँजीवादमा डरलाग्दा सङ्कटहरू बढ्दै गए, धरासायी हुने हदसम्मको महामन्दी आयो सन् १९३० मा । त्यो भन्दा अगाडि प्रथम विश्वयुद्ध र रूसमा लेनिनको नेतृत्वमा अक्टोबर क्रान्तिको सफलतासँगै मार्क्सको समाजवादको प्रयोग आरम्भ भइसकेका थियो ।*

नेतृत्वमा अक्टोबर क्रान्तिको सफलतासँगै मार्क्सको समाजवादको प्रयोग आरम्भ भइसकेका थियो । पुँजीवाद आर्थिक र राजनीतिक हिसाबले सङ्कटग्रस्त भएको र विश्वयुद्धको अर्को भुङ्ग्रोमा पर्न लागेको बेला किन्स नयाँ ऊर्जाका साथ अगाडि आए । यो झण्डै ५० बर्षको अवधि- विज्ञान र प्रविधिको तीव्र विकास, समाजवादीहरुको आक्रामक बिस्तार र ज्ञानका क्षेत्रमा विचारधाराहरुको तीव्र अन्तरक्रियाको अवधि थियो ।

# ६. जोन मेनार्ड किन्स : पुँजीवादको फरक ढंगले सङ्कटमोचन

एडम स्मीथको सकेसम्म राज्यको कम हस्तक्षेप र काल मार्क्सको उत्पादनका साधनमा निजी स्वामित्व र प्रतिस्पर्धाको अन्त्यका सिद्धान्तहरुका धेरै व्यावहारिक समस्याहरु संसारले भोग्यो । समन्वयको एउटा यस्तो रणनीति जसले बजारमा उत्पादक शक्तिको विकास भने जस्तै होस् र बजारले सिर्जना गर्ने हानीकारक अन्यायपूर्ण परिणामहरुलाई रोक्न पनि सकियोस्, यही राणनीतिको खोजीमा किन्सको तार्किक विचारहरु उल्लेखनीय छन् । कार्यकुशल र उत्पादक भए पनि पुँजीवादको संरचना नै अस्थिरताको सिर्जना गर्ने खालको छ । निजी सम्पत्ति र प्रतिस्पर्धामा आधारित बजार प्रणालीमा विश्वास भए पनि एडम स्मीथ र नवशास्त्रीय अर्थशास्त्रीहरुका व्यवहारमा नमिल्दा मान्यताहरु संग उनी असहमत थिए ।

बजारका 'अदृश्य हातहरु' अर्थात स्वाचालित ढंगले सबै कुरा सन्तुलनमा आउँछ भन्ने एडम स्मीथ र उनका अनुयायीहरुका विचार सन् १९२९ को विश्वव्यापी

*सिंगो अर्थव्यवस्थामा श्रमिकहरूको ज्यालामा कटौती गरियो भने उत्पादनको लागत कम हुन्छ, त्यसैले बस्तु र सेवाको मूल्य घटाउन सकिन्छ, मूल्य घट्यो भने बस्तु र सेवाको माग र बिक्री बढ्छ भन्ने खालका निष्कर्ष हावादारी प्रमाणित भए ।*

महामन्दीमा पूर्णत: बेठिक प्रमाणित भए । 'अव्यावहारिक मान्यताहरु पूरा नहुने र वास्तविक विश्वका आर्थिक समस्याहरुलाई शास्त्रीय नवशास्त्रीय व्याख्याहरुले कुनै समाधान दिन नसक्ने' उनले किटानी गरे । १९२९ को महामन्दीमा एडम स्मीथका मान्यताहरुले अपेक्षा गरे अनुरुप केही हुन सकेन । उल्टै बेरोजगारी अत्यन्त माथि उक्लँदै गयो र आर्थिक जडताको भासमा अर्थव्यवस्थाहरु झन् झन् भासिंदै गए । न त शास्त्रीय अर्थशास्त्री जे.बि. सेले भने जस्तो बजारमा भएको बस्तुको आपूर्तिले माग नै सिर्जना गर्न सक्यो, न रिकार्डोले भने जस्तो अर्थव्यवस्थामा ज्यालामा कटौती गर्दा बजारमा माग र बिक्री बढ्न सक्यो । सिंगो अर्थव्यवस्थामा श्रमिकहरुको ज्यालामा कटौती गरियो भने उत्पादनको लागत कम हुन्छ, त्यसैले बस्तु र सेवाको मूल्य घटाउन सकिन्छ, मूल्य घट्यो भने बस्तु र सेवाको माग र बिक्री बढ्छ भन्ने खालका निष्कर्ष हावादारी प्रमाणित भए । त्यसैले अर्थव्यवस्थाहरु झन् सङ्कटको भासमा फस्दै गए । अर्थव्यवस्था झन् तल तल खस्किंदै जाने प्रवृत्तिको कारणलाई किन्सले ठम्याए बस्तुको उत्पादन कटौती गरेर श्रमिकलाई ले-अफ वा पे-अफ गर्न थाल्ने हो भने उत्पादकको लगानी घट्छ, अनिश्चितताको वातावरणमा उत्पादक कम खर्च गर्छ । उपभोक्तामध्ये ठूलो सङ्ख्या श्रमिकको भएकोले ले-अफ वा ले-अफले श्रमिकको आम्दानी घट्छ, त्यसैले उपभोक्ता पनि कम खर्च गर्न बाध्य हुन्छन् । बजारमा बस्तु र सेवाको माग झन् घट्दै जान्छ । माग घटेपछि बिक्री घट्छ । बिक्री घटेपछि कम्पनीहरु झन् कम मात्र उत्पादन गर्छन्, त्यसैले काम गर्ने श्रमिक पनि कम चाहिन्छ । श्रमिक कटौतीमा पर्छन् र बेरोजगार हुन्छन् । मूल्य घटाउँदा पनि बिक्री बढ्दैन, गोदाममा तयारी बस्तु थन्किन थाल्छ ।

श्रमिकको ज्याला कटौती गरेर उत्पादनमा लाग्ने खर्च घटाउँदै बस्तुको मूल्य कम गर्दै लगे पनि माग र बिक्री बढ्दैन । सिंगो अर्थव्यवस्था आर्थिक गतिविधि

*राज्यले आफै प्रत्यक्ष रूपमा खर्च गर्नु बढी प्रभावकारी हुन्छ, सार्वजनिक निर्माणका कामहरू स्कूल, अस्पताल, सडक जस्तै यस्तो खर्चले धेरै मान्छेले रोजगारी पाउाछन् र उनीहरूको उपभाग बढ्छ, माग बढ्छ, बिक्री बढ्छ र अर्थव्यवस्थाको उठान सुरू हुन्छ ।*

मन्द र सुस्त हुँदै जाने तथा सङ्कट गहिरिँदै जाने मन्दीको चपेटामा पर्दै जान्छ । १९२९ को विश्वव्यापी आर्थिक महामन्दीमा यही भएको थियो । स्वतन्त्र बजारले काम नगर्ने अवस्था र त्यसले सिर्जना गरेका सङ्कटका कारणहरु किन्सले पहिचान गरे तथा उपायहरु पनि ठोस तर्कमा प्रस्तुत गरे ।

व्यापार चक्रिय उतार-चढावमा जब अर्थव्यवस्था तल तल खस्किँदै सङ्कटको गहिराइतिरै झर्न थाल्छ, त्यसबेला राज्यले प्रभावकारी हस्तक्षेप गर्नैपर्छ र निजी क्षेत्रमा माग बढ्ने वातावरण बनाउनुपर्छ । मुद्राको आपूर्ति पनि बढाउनुपर्छ । कर घटाएर बजारमा जनताको उपभोक्ताको हातमा बढी मुद्रा रहने उपाय गर्न सक्छ, तर उपभोक्ताको बचत गर्ने इच्छा बढी भयो भने माग र बिक्री बढ्दैन । तसर्थ राज्यले आफै प्रत्यक्ष रुपमा खर्च गर्नु बढी प्रभावकारी हुन्छ, सार्वजनिक निर्माणका कामहरु स्कूल, अस्पताल, सडक जस्तै यस्तो खर्चले धेरै मान्छेले रोजगारी पाउाछन् र उनीहरुको उपभाग बढ्छ, माग बढ्छ, बिक्री बढ्छ र अर्थव्यवस्थाको उठान सुरु हुन्छ । उनैका शब्दमा 'यदि ब्रिटेनको सरकारले १५ करोड पाउण्ड मुद्रा खर्च गऱ्यो भने सबैको आम्दानी बढ्छ र बेरोजगार भएकाले पनि काम पाउँछन्, बेरोजगारी भत्ता दिनु पर्दैन । यो खर्चले झन् बढी मान्छेलाई रोजागारीको अवसर सिर्जना हुन्छ । राज्यले खर्च गरेको यो मुद्रा अर्थव्यवस्थामा सबैतिर फैलिँदै जान्छ र सबैखालका बस्तु र सेवाहरुको खरीद बिक्रीमा प्रयोग हुन्छ ।

बजारले सधैं सन्तुलन कायम गर्छ भन्ने एडम स्मीथ र उनका अनुयायीहरुको विश्वासले अब काम दिँदैन भन्ने कुरा उनले प्रमाणित गरे । सन्तुलन हुन धेरै समय लाग्छ, दीर्घकालीन अवधि लिएर भए पनि बजार अर्थव्यवस्थामा माग र पूर्तिको बिचमा सन्तुलन हुन्छ र सबै कुरा ठिक हुन्छ, अस्थायी रुपमा छोटो समय अवधिमा देखिने कठिनाइ बेरोजगारी, मूल्य वृद्धि जस्ता सबै कुरा बजारले

*सबै नष्ट विध्वंश भइसकेपछि दीर्घकालमा हुने सन्तुलनको के काम । अहिलेका समस्याको अहिले नै समाधान खोज्नुपर्छ । दीर्घकालमा पछि गएर अनिश्चित समयमा समस्याको समाधान होला भनेर भरोसा गरेर बस्न सकिंदैन । त्यसैले राज्यले अघि सर्नैपर्छ ।*

---

लामो अवधिमा आफै सुधार गरेर सन्तुलन कायम हुन्छ भन्ने कुरा ठिक होइन भनी किन्सले व्याख्या गरे । उनले भने, 'दीर्घकालमा हामी सबै मरिसकेका हुनेछौं ।' सबै नष्ट विध्वंश भइसकेपछि दीर्घकालमा हुने सन्तुलनको के काम । अहिलेका समस्याको अहिले नै समाधान खोज्नुपर्छ । दीर्घकालमा पछि गएर अनिश्चित समयमा समस्याको समाधान होला भनेर भरोसा गरेर बस्न सकिंदैन । त्यसैले राज्यले अघि सर्नैपर्छ । आज रोजगारीको सिर्जना गर्नु र आर्थिक विकास गर्नु महत्वपूर्ण छ, त्यसैले भविष्यमा समाधान होला, भविष्य उज्यालो होला र बजारले स्वचालित ढंगले सबै कुरा व्यवस्थित गर्ला भनेर अनिश्चित भरोसा गर्न सकिंदैन ।

किन्सका विचारहरुलाई 'किन्सीय क्रान्ति' को रुपमा विचारकहरुले व्याख्या गर्दै आएका छन् । उदारवादी, अनुदारवादीहरुले उनलाई नदेखिने पाराको समाजवादी (क्लोजेट सोसलिस्ट) को रुपमा लिए । मार्क्सवादीहरुले उनलाई बजारमा बढी आस्थावान ठहर गरे ।

पुँजीवादले आफ्नो समयमा सबैभन्दा ठूलो चुनौती र सङ्कट भोग्नु परेको समयका आर्थिक चिन्तकका रुपमा उदाएका थिए किन्स । उनले पुजीवादको सङ्कट तरेर नयाँ जीवन दिने विचार र व्याख्या दिए । मार्क्सवाद र अरु किसिमका क्रान्तिकारी विचारहरुको चुनौती पुँजीवादलाई रुसको १९१७ को अक्टोबर क्रान्तिबाट आइसकेको थियो । प्रथम विश्वयुद्धपछि अर्थतन्त्रमा परेका गम्भीर असरहरुसँगै १९२९ को महामन्दी ठूलो सैद्धान्तिक र आर्थिक चुनौती थियो । यसबाट पुँजीवादको उद्धार किन्सले नै गरे । त्यसैले २० औं शताब्दीको सर्वाधिक प्रभावशाली अर्थशास्त्री र आर्थिक चिन्तकको रुपमा किन्सका योगदानहरु अविस्मरणीय बनेका छन् । विकसित र औद्योगिक मुलुकहरुमा मार्क्सवादको प्रभावको फैलावटलाई रोक्न किन्सका विचारहरु हतियारको रुपमा सबै

*प्रथम विश्वयुद्धपछि अर्थतन्त्रमा परेका गम्भीर असरहरूसँगै १९२९ को महामन्दी ठूलो सैद्धान्तिक र आर्थिक चुनौती थियो । यसबाट पुँजीवादको उद्धार किन्सले नै गरे ।*



साभार : एफ इ एस, इकोनोमिक्स एण्ड सोसियल डेमोक्रेसी

**चित्र ३ : किन्सका तार्किक विश्लेषणको आधारभूत संरचना**

*मूल्य नियन्त्रण र मुद्रास्फितिलाई सीमाभित्र राख्न राज्यको निरन्तर अनुगमन र सक्रिय हस्तक्षेप आर्थिक विकासको अपरिहार्य पक्ष हो भन्ने मान्यतालाई उनले स्थापित गरे ।*

---

शासनहरुले राम्ररी नै उपभोग गरे । मूलत: दोस्रो विश्वयुद्ध पछि सरकारहरुले घाटाको बजेट बनाएर भए पनि धेरै खर्च गर्ने र सार्वजनिक प्रतिष्ठानहरु धमाधम स्थापना गरी आर्थिक क्षेत्रमा राज्यको लगानी बढाउने विश्वव्यापी अभ्यास किन्सकै सिद्धान्तको स्पष्ट प्रभाव हो । सन् १९३६ मा छापिएको किन्सको प्रशिद्ध पुस्तक जेनेरल थ्योरी अफ इम्प्लोयमेन्ट, इन्रेस्ट एण्ड मनी (रोजगारी, ब्याज र मुद्राको सामान्य सिद्धान्त) दोस्रो विश्वयुद्ध काल र त्यसपछिको केही दशकहरुमा समेत सर्वाधिक प्रभावशाली पुस्तक बनेको थियो ।

किन्सले बजारमा बस्तुको मागलाई अत्यधिक महत्व दिएका छन् । शास्त्रीय अर्थशास्त्रीहरु भने उत्पादनमा लाग्ने खर्च र बस्तुको आपूर्ति पक्षमा बढी जोड दिन्थे । त्यसैले श्रम, रोजगारी र ज्यालामा पनि किन्सको जोड अत्यधिक छ । रोजगारीको स्तर न उठाइकन आर्थिक विकास सम्भव छैन र उच्च ज्यालाले पूरै समाजको आम्दानीको स्तर उठ्छ । आम्दानीको स्तर उठे मात्र उपभोक्ताले बढी खर्च गर्न सक्छन् । उपभोगको इच्छा र सामर्थ्य पनि बढ्छ, जसले गर्दा बजारमा बस्तुको माग र बिक्री बढ्छ । उच्च ज्यालाले नै आम मानिसको बचत गर्ने इच्छा र सामर्थ्य दुबै बढ्छन्, फलत: अर्थतन्त्रको कूल बचत बढ्छ, रोजगारी बढ्छ, आम्दानी बढ्छ र समाज समृद्धिका उकालीहरुमा उक्लिँदै जान्छ । उत्पादन र आम्दानी बढे पनि आम्दानीको पुनर्वितरण श्रमिक वर्गको पक्षमा नभए कूल माग फेरि घट्न थाल्छ, बिक्री घट्न थाल्छ र अर्थव्यवस्थामा नकारात्मक असरहरु सुरु हुन्छन् । त्यसैले पुनर्वितरणका लागि पनि ज्यालामा वृद्धि आवश्यक हुन्छ । तर ज्याला वृद्धिसँगै मुद्रास्फिति चर्को दरमा भयो भने त्यसले श्रमिकको जीवनमा प्रतिकूल प्रभाव पार्दछ । तसर्थ, मूल्य नियन्त्रण र मुद्रास्फितिलाई सीमाभित्र राख्न राज्यको निरन्तर अनुगमन र सक्रिय हस्तक्षेप आर्थिक विकासको अपरिहार्य पक्ष हो भन्ने मान्यतालाई उनले स्थापित गरे ।

**जोन मेनार्ड किन्स** (१८८३–१९४६)

बीसौ शताब्दीको आर्थिक सिद्धान्त र राज्यका नीतिहरुमा ठूलो प्रभाव पार्ने सफल अर्थशास्त्रीको रुपमा किन्स विख्यात छन् । मार्क्सको निधनकै बर्ष जन्मेका किन्सले मार्क्सले पतनशील भनेको पुँजीवादलाई मार्क्सकै धारणा 'राज्यको सक्रियता'को सलाइन चढाएर पुनर्जीवन दिए ।१९३६ मा प्रकाशित उनको प्रसिद्ध पुस्तक 'जेनेरल थ्योरी अफ इम्प्लोइमेन्ट, इन्टरेस्ट एण्ड मनी' मार्फत बजारको क्षमतामा प्रश्न चिन्ह उठाउँदै बजार र राज्यको समन्वयको नयाँ विश्लेषण र पुँजीवादको सङ्कट मोचनको नयाँ उपायहरु सार्वजनिक गरे, जसलाई पछि केन्सीयन क्रान्ति वा केन्सीनियनिज्म भन्न थालियो ।

अन्तर्राष्ट्रिय मुद्राकोष, विश्वबैंक जस्ता संस्थाहरुलाई जन्म दिने ब्रेटनउड्स प्राणालीको विकासमा पनि उनको भूमिका छ, जसबाट दोस्रो विश्वयुद्ध पछिको वित्तीय बजार र विश्व अर्थव्यवस्थाका कतिपय नियम र मान्यताहरु तय भए । उनका पिता पनि अर्थशास्त्रका प्राध्यापक थिए । उनकी आमा केम्ब्रीजको प्रथम महिला मेयर थिइन्, बाको भन्दा आमाको प्रभाव थियो उनमा । उनले ब्रिटेनको सबभन्दा असल गनिएको 'इटन' स्कूलका विद्यार्थी हुँदै क्याम्ब्रीज विश्वविद्यालयबाट गणितमा स्नातकोत्तर गरेका थिए । ब्रिटिस निजामती सेवामा इण्डिया अफिसमा उनले काम गरे, यद्यपि उनी भारत कहिल्यै गएनन् । उनले क्याम्ब्रीज विश्वविद्यालयमा प्राध्यापन गरे । सन् १९११-४४ सम्म लामो अवधि, उनको क्रियाशीलता, चिन्तन र ख्यातिको अवधि क्याम्ब्रीजको इकोनोमिक जर्नलको सम्पादकका रुपमा बित्यो । भर्साइलीको शान्ति सन्धि जसले प्रथम विश्वयुद्धको अन्त्य गरेको थियो, त्यसमा गएको ब्रिटिस प्रतिनिधि मण्डलमा उनी पनि समावेश थिए । त्यो सन्धिबाट भएको निराशाले लेखेको 'द इकोनोमिक कन्सीक्वेन्सज अफ पीस' (१९२०) नामको पुस्तकले उनलाई ठूलो ख्याति र सम्पन्नता दियो । जर्मनी माथि थोपरिएको यो सन्धिको उनी कटु आलोचक थिए । एक जना फ्रेन्च अर्थशास्त्रीले दोस्रो विश्व युद्ध सुरु हुनुको जिम्मेवार भनेर समेत किन्सलाई आरोप लगाएका थिए ।

# ७. आर्थिक प्रणालीहरूको समकालीन रूप

सामन्तवादलाई पराजित गरेर आएको उन्नत पुँजीवाद र त्यसको गर्भबाट क्रान्तिको माध्यमले स्थापित र विकास गर्न सकिने समाजवाद - यी दुई आर्थिक प्रणालीको मात्र चर्चा गरेर पुग्दैन । आजको यथार्थ विश्वलाई यी दुबै प्रणालीका परम्परागत विशेषता र चरित्रले प्रतिबिम्बित नै गर्न सक्दैन । समय क्रममा पुरानै युगदेखि नै विभिन्न खालका मिश्रित मोडेलहरु पनि प्रयोगमा रहे । त्यसैले तीन प्रणालीको चर्चा आर्थिक जगतमा हुन्छ - पुँजीवादी, समाजवादी र मिश्रित अर्थ व्यवस्था । तर आज सबै प्रणालीहरु कम बढी मिश्रित ढाँचामा गइसकेका छन् । त्यसैले अब मिश्रित अर्थव्यवस्था भनेर एउटा अलग प्रणाली भन्नुको खासै अर्थ छैन । उदार पुँजीवाद नामले उदार भनिए पनि चरित्रको हिसाबले संकीर्ण छ ।

*रोजगारदाता र श्रमिकको बिचको सम्बन्ध पनि सामान्यतः छोटो हुन्छ, किनभने "राख्ने र निकाल्ने" (हायर एण्ड फायर) स्वतन्त्रताले गर्दा रोजगारदातालाई श्रमिकसँग दीर्घकालीन सम्बन्ध सुमधुर बनाउने आवश्यकता हुँदैन ।*

## उदार पुँजीवाद

पुँजी बजारलाई माध्यम बनाएर वित्तीय प्रणालीमा लगानी हुन्छ । सेयर होल्डर वा हिस्सेदार अनुसार कम्पनीहरु सञ्चालन हुन्छन् । पुँजी निकै भएकाहरु पनि छिटो उच्चदरको लाभ पाउनका लागि जोखिम भएकै कम्पनीमा पनि लगानी गर्छन् । उद्योग व्यवसाय सञ्चालनको उद्देश्यभन्दा संहेबाजीबाट छिटो लाभ कमाउन वित्तीय तथा पुँजी बजारमा मध्यस्थकर्ता मार्फत लगानी र सेयर खरिद बिक्रीमा संलग्न हुने रहनेहरुको गतिविधि तीव्र हुन्छ ।

रोजागारीको सुरक्षा उदार पुँजीवादमा सारै कमजोर हुन्छ । रोजगारदाता र श्रमिकको बिचको सम्बन्ध पनि सामान्यतः छोटो हुन्छ, किनभने 'राख्ने र निकाल्ने' (हायर एण्ड फायर) स्वतन्त्रताले गर्दा रोजगारदातालाई श्रमिकसँग दीर्घकालीन सम्बन्ध सुमधुर बनाउने आवश्यकता हुँदैन । रोजगारदताले आफूले काममा लगाउने प्रत्येक श्रमिकसँग व्यक्तिगत आधारमा ज्याला/पारिश्रमिकको सहमति गर्छ वा प्रतिष्ठान तहमा सम्झौता गर्छ । रोजगारदाताका संगठन वा श्रमिक संगठन सौदाबाजीको हिसाबले कमजोर हुन्छन् । प्रतिष्ठान तह र व्यक्ति रोजगारदाताको भूमिका ठूलो हुन्छ ।

यी विविध कारणहरुले गर्दा यो प्रणाली बजारमा हुने परिवर्तन अनुसार छिटो छिटो त्यसै अनुकूल लचिलो ढंगले चल्न सक्छ । यद्यापि अनेक सङ्कटहरु आइरहन्छन् । यो प्रणाली उत्पादन र सेवाका क्षेत्रमा नयाँ नयाँ तरिकाको आविष्कार र खोजी गर्ने खालको हुन्छ । तर असाध्यै अस्थिर र श्रमिकहरुको लागि सारै अनिश्चित खालको हुन्छ ।

*समन्वयात्मक पुँजीवादमा श्रमिकलाई बढी सुरक्षाको अनुभूति हुन्छ । किनभने उदार पुँजीवादमा श्रम बजार बढी लोचदार र समन्वयात्मकमा श्रम बजार बढी स्थिर प्रकृतिको र संरक्षणमूलक हुन्छ ।*

## समन्वयात्मक पुँजीवाद

समन्वयात्मक पुँजीवादमा वित्त व्यवस्था बैंक-ऋणमा केन्द्रित हुन्छ । कम्पनीहरुको व्यवस्थापनको नियन्त्रण र मूल्याङ्कन बजारले मात्र होइन, बैंक, श्रमिक र राज्यले समेत गर्छन् ।

औद्योगिक तहमा सामूहिक सौदाबाजी गरी ज्यालाको सम्झौता हुन्छ । दूरगामी खालको रोजगार सम्बन्ध सञ्चालन हुन्छ । स्थायित्व र सामाजिक न्याय एक आपसमा जोड्ने प्रयत्न हुन्छ । रोजगारदाताका संगठनहरु र ट्रेड युनियनहरु सुसंगठित र व्यवस्थित ढंगले चल्दछन् । केन्द्रीय तहबाटै श्रमिक संगठनहरु र रोजगारदाता संगठनहरुले शैक्षिक कार्यक्रम र तालिमहरु मोडुलमा आधारित भई शाखाहरु र कम्पनीहरु समेतलाई लक्ष्य गरी सञ्चालन गर्दछन् ।

उदार पुँजीवादको तुलनामा समन्वयात्मक पुँजीवादमा स्थिरता बढी हुन्छ, तर लचकता कम । दुबै प्रणालीका राम्रा गुण पनि छन्, अवगुण पनि छन् । तर श्रमिकको कोणबाट हेर्दा उदार पुँजीवाद बढी स्वच्छन्द छ र सामाजिक न्यायप्रति लोककल्याणकारी कार्यक्रमप्रति तुलनात्मक रुपले उदासिन छ । समन्वयात्मक पुँजीवाद अर्थव्यवस्थाको स्थिर र सहज सञ्चालनमा ध्यान दिन्छ, त्यसैले सामाजिक न्याय र कल्याणकारी कार्यक्रममा बढी सचेत छ । समन्वयात्मक पुँजीवादमा श्रमिकलाई बढी सुरक्षाको अनुभूति हुन्छ । किनभने उदार पुँजीवादमा श्रम बजार बढी लोचदार र समन्वयात्मकमा श्रम बजार बढी स्थिर प्रकृतिको र संरक्षणमूलक हुन्छ । लोचदार भएकोले नयाँ तरिकाहरु र प्रविधिहरु आविष्कार गर्ने कुशलता उदार पुँजीवादमा देखिएको छ, तर क्रमिक सुधारद्वारा दिगो र ठोस उपलब्धिको मार्गमा समन्वयात्मक पुँजीवाद देखिन्छ ।

*यसको अर्थ वास्तविक प्रतिस्पर्धा, स्वतन्त्र ढंगको मूल्य निर्धारण र उत्पादनका साधनमा निजी स्वामित्वका साथै सामाजिक बीमा र प्रगतिशील कर प्रणालीको माध्यमले सामाजिक न्यायको सुनिश्चितता हो ।*

## सामाजिक बजार अर्थव्यवस्था

उदार पुँजीवादी अर्थव्यवस्था वा समन्वयात्मक पुँजीवादी अर्थव्यवस्था भन्दा भिन्न शब्दावली अर्को छ- सामाजिक बजार अर्थव्यवस्था । सामाजिक बजार अर्थव्यवस्था जर्मनीको विशेषता हो । यो जर्मन वास्तविकतामा आधारित समन्वयात्मक बजार अर्थव्यवस्था हो, यो उदार तथा छाडा पुँजीवाद र सामाजिक, आर्थिक हिसाबले नियन्त्रित प्रणाली बिचको तेस्रो मार्गको नाम हो । जर्मन संविधान दोस्रो विश्वयुद्ध पछि समाजवादी वा पुँजीवादी कुनै एक प्रणालीप्रति प्रतिबद्ध थिएन । यसको धारा १५ ले उत्पादनका साधनहरुको राष्ट्रियकरण गर्न सक्ने सम्भावना उल्लेख गरेको छ । राजनीतिक दलहरु पुँजीवादका आलोचक नै थिए । १९४७ मा क्रिस्चियन डेमोक्रेटिक युनियनले आफू 'क्रिस्चियन समाजवाद'को पक्षमा रहेको घोषणा गऱ्यो भने सोसल डेमोक्रेटिक पार्टीले प्राथमिक उद्योगहरुको राष्ट्रियकरणको माग गऱ्यो । यसै परिवेशमा अर्थशास्त्री अल्फ्रेड मूलर अर्माकले १९४७ मा "**आर्थिक व्यवस्थापन र बजार अर्थतन्त्र**" नामक पुस्तक मार्फत पहिलो घोषणा गरे- "आर्थिक नीतिको तेस्रो रुपलाई चिनाउने उद्देश्यले हामी सामाजिक बजार अर्थव्यवस्थाको चर्चा गर्छौं । यसको अर्थ भविष्यको आर्थिक प्रणालीलाई सहयोग पुऱ्याउन बजार अर्थव्यवस्था हामीलाई आवश्यक छ, तर यो उदारवादी बजार अर्थव्यवस्था हुनुहुँदैन, उद्देश्यमूलक ढंगले वास्तविक सामाजिक हिसाबले व्यवस्थापन गरिएको बजार अर्थव्यवस्था हुनेछ ।"

यसको अर्थ वास्तविक प्रतिस्पर्धा, स्वतन्त्र ढंगको मूल्य निर्धारण र उत्पादनका साधनमा निजी स्वामित्वका साथै सामाजिक बीमा र प्रगतिशील कर प्रणालीको माध्यमले सामाजिक न्यायको सुनिश्चितता हो । यसलाई 'राइन पुँजीवाद' पनि भनियो, यसले आर्थिक विकास र रोजगारीको बिस्तारलाई फैलदो कल्याणकारी राज्य व्यवस्थासँग तालमेल गर्न सक्यो । अरु युरोपेली देशहरुले पनि यो मोडेलको

*यही मोडेलका माध्यमबाट तेल सङ्कट (१९७०) र पछि जर्मनीको एकीकरणले उत्पन्न नयाँ जटिलता र कठिनाइ बिच पनि व्यापक आकारको मध्यम वर्ग सिर्जना हुन सक्यो, जसले गर्दा लोकतन्त्रले स्थिरता प्राप्त गऱ्यो ।*

अनुकरण गर्न थाले । लिस्बन सन्धिले सामाजिक बजार अर्थव्यवस्थालाई युरोपेली युनियनको लक्ष्यको रुपमा परिभाषित गऱ्यो । यही मोडेलका माध्यमबाट तेल सङ्कट (१९७०) र पछि जर्मनीको एकीकरणले उत्पन्न नयाँ जटिलता र कठिनाइ बिच पनि व्यापक आकारको मध्यम वर्ग सिर्जना हुन सक्यो, जसले गर्दा लोकतन्त्रले स्थिरता प्राप्त गऱ्यो । जर्मन ट्रेड युनियन महासंघ डीजीबीले पनि आफ्नो कार्यक्रममा सामाजिक बजार अर्थव्यवस्थालाई प्रमुख ऐतिहासिक विकासको रुपमा लिएको छ । रोजगारदाता संगठनहरु र लगभग सबै राजनीतिक दलहरुले सामाजिक नीति, नियमन र बजार अर्थतन्त्रलाई सन्तुलनमा लैजाने मोडेलका रुपमा लिएका छन् ।

## समाजवादी बजार अर्थव्यवस्था

चिनियाँ समाजवादी प्रणालीले समाजवादी बजार अर्थतन्त्रको रुपमा आफ्नो अर्थव्यवस्थालाई अघि बढाएको छ । जसरी राज्यको भूमिकालाई निषेध गर्ने पूर्णतः बजारमुखी प्रणाली चल्न सकेन, त्यसै गरी बजारको भूमिकालाई पूर्ण निषेध गर्ने प्रणाली पनि राज्यले चलाउन सकेन । फलतः बितेका अभ्यासहरु र प्रयोगहरुबाट सिक्दै बजारको भूमिकालाई समाजवादी प्रणालीमा नियन्त्रित ढाँचामा उपयोग गर्नु आवश्यक भयो । निजी सम्पत्तिलाई पूर्ण निषेध गर्ने शास्त्रीय समाजवादको एकांगी अवधारणा चल्न नसक्ने प्रस्ट थियो । त्यसैले सम्पत्तिमा निजी स्वामित्वलाई सीमाभित्र क्रियाशील गराउँदै सार्वजनिक सम्पत्तिको भूमिकालाई बढी जनउपयोगी र कल्याणकारी बनाउनु आवश्यक थियो । संसार विश्वव्यापीकरणको स्वाभाविक प्रक्रियामा जाँदा निर्वाध बेरोकटोक भ्रमणमा बजारको विश्वव्यापी बिस्तारले गर्दा र कुनै पनि अर्थव्यवस्था बाँकी विश्वबाट अलग थलग रहन नसक्ने भएकाले बजार शक्तिहरुको माग र पूर्तिको अन्तरक्रिया सबैतिर स्वाभाविक मान्नुपर्छ । त्यसैले अभ्यासमा रहेका समाजवादी

*समाजवादी बजार अर्थव्यवस्थामा राज्यको भूमिका शक्तिशाली र नियन्त्रणकारी छ भने सामाजिक बजार अर्थव्यवस्थामा राज्यको भूमिका नियमनकारी छ, नियन्त्रणको मात्रा तुलनात्मक रूपले कम छ, प्रतिस्पर्धा बढी छ ।*

---

अर्थव्यवस्थाहरुले बजारको भूमिकालाई बिस्तारै आआफ्नै ढंगले स्वीकार गर्दै गए । चीन त्यसमा अग्रणी रह्यो । भियतनामको प्रगति पनि यसै दिशामा गयो । त्यसैले समाजवादी देशहरुले अभ्यास गरिरहेको बजारको नियन्त्रित भूमिका सहितको सार्वजनिक सम्पत्ति र राज्यको क्रियाशीलतामा सञ्चालन भइरहेको अर्थव्यवस्था नै समाजवादी बजार अर्थव्यवस्था हो । जर्मनीले विकसित गरेको समाजिक बजार अर्थव्यवस्था भन्दा चीनले अभ्यास गरिरहेको समाजवादी बजार अर्थव्यवस्थाको बिचमा निकै अन्तर पनि छ । समाजवादी बजार अर्थव्यवस्थामा राज्यको भूमिका शक्तिशाली र नियन्त्रणकारी छ भने सामाजिक बजार अर्थव्यवस्थामा राज्यको भूमिका नियमनकारी छ, नियन्त्रणको मात्रा तुलनात्मक रुपले कम छ, प्रतिस्पर्धा बढी छ । सामाजिक बजारमा योजनाले भन्दा माग र पूर्तिले बढी प्रश्रय पाउँछन् र खुल्ला अन्तरक्रिया गर्न पाउँछन् । समाजवादी बजारमा माग र पूर्तिको अन्तरक्रिया राज्यको योजना मातहत र सीमित हुन्छ । लगानी पनि राज्यव्यवस्थाको प्राथमिकता अन्तर्गत पूर्णतः योजनाबद्ध हुन्छ । सामाजिक बजारमा लगानी राज्यको योजना अन्तर्गत होइन, प्रोत्साहनबाट क्रियाशील हुन्छ ।

# ८. श्रमिक र श्रमको पाटोबाट अबको बाटो

आर्थिक चिन्तनका तीन जना कोसेढुंगा विचारक स्मीथ, मार्क्स र किन्सका विचारहरुलाई छोटकरीमा हामीले पुनरावलोकन गऱ्यौं । समकालीन विश्वमा अभ्यास भएका प्रणालीहरुमा पनि हामीले नजर घुमायौं । समस्याहरु विकराल छन् । विज्ञान र प्रविधिको विकासले ज्ञान र चेतनाको बिस्तारले मानव सभ्यता कहाँ ३१ लाख बर्ष अगाडि चार खुट्टा टेक्न छोडेर दुई खुट्टामा उभिएको बाँदरको एक विशेष प्रजातिबाट आज अथाह अनन्त अन्तरिक्षमा भ्रमणशील भइसक्यो । तर गरिबी, असमानता र विभेदहरु निर्दयता र निर्ममताहरुको आकार घटेको छैन, नयाँ नयाँ स्वरुपमा परिवर्तित हुदै बढेको छ ।

आर्थिक चिन्तन व्यक्तिमुखी, समाजमुखी वा राज्यमुखी, बजारमुखी होस् वा समाजवादी वा दुई बृहत प्रणालीका अनेक मिश्रित रुपहरुमा विकसित होस्, त्यसका तीन मूल प्रवाहका म्रमुख चिन्तकहरु न्याय र समानताका पक्षमा थिए । आफ्ना आदर्श सपनालाई गति दिन क्रियाशील थिए । तर त्यसलाई

*बितेको शताब्दीहरूका यी तीन आर्थिक दर्शनका निर्णायक सिद्धान्तकारहरूका विचारसँग जोडिएका अरू सयकडौं विचारक र चिन्तकहरूले पनि कुनै नयाँ समाधान दिन सकेनन् । यी तीनका विचारका वरिपरि नै प्रणालीहरू चलिरहेका छन् ।*

---

कार्यान्वयनमा लैजाने विभिन्न कालखण्डका शासकहरु र नेतृत्व, सहयोगीहरु, विश्लेषक, नीति निर्माताहरु, योजनाकारहरु, प्रशासकहरु आ-आफ्नो समयका भिन्न भिन्न स्वार्थहरुका द्वन्द्वबाट प्रभावित हुनु स्वाभाविक हो । कार्यान्वयन त्यसरी भएन जसरी यी महान चिन्तकहरुले सोचेका थिए । त्यसमा पनि कार्ल मार्क्स अझ आर्थिक चिन्तनको सेरोफेरोमा मात्र सीमित नरहेका क्रान्तिकारी परिवर्तनकारी बृहत दर्शनका मूल प्रवाह थिए, जसको प्रभाव सम्भवत: आजसम्मको मानव इतिहासमा सबैभन्दा ठूलो जनसङ्ख्यामा फैलियो । जसका विचारहरुले संसारलाई अनेक मार्ग हुँदै संघर्ष, शान्ति, प्रगति र उपलब्धिका अनेक गौंडा पार गराए ।

आजको यो कथित उदारवाद के एडम स्मीथको आदर्श थियो ? एकदलीयतामा आधारित निरङ्कुश शासनको समाजवाद के मार्क्सले सोचेको वैज्ञानिक समाजवाद थियो ? राज्य हस्तक्षेप सहितको पुँजीवादलाई किन्सले दोस्रो विश्वयुद्धकालमा नयाा जीवन दिए पनि के त्यसले असमानता घट्न सक्यो ? उत्तर नकारात्मक आउँछ । बितेको शताब्दीहरुका यी तीन आर्थिक दर्शनका निर्णायक सिद्धान्तकारहरुका विचारसँग जोडिएका अरु सयकडौं विचारक र चिन्तकहरुले पनि कुनै नयाँ समाधान दिन सकेनन् । यी तीनका विचारका वरिपरि नै प्रणालीहरु चलिरहेका छन् । एउटै चिन्तकले देखेको सत्य मात्र अन्तिम सत्य होइन ।

प्रणालीहरुको परिवर्तनले मात्र हुँदैन, त्योसागै राजनीतिक, सामाजिक र आर्थिक जीवनका हरेक पक्षमा रुपान्तरणको लहर चले मात्र आम मानिसको पक्ष बलियो हुन्छ भन्ने कुरा कतिपय अभ्यासहरुले देखाएका छन् । मध्यमवर्गीय उपभोक्ता जति बढ्दै जान्छन्, त्यति नै बढी बिक्री र लाभको सम्भावना बढ्दै जान्छ । किन्सले भने जस्तो अर्थव्यवस्थाको कूल माग बढ्दै जान्छ । त्यसैले

*मध्यमवर्गीय उपभोक्ताको सङ्ख्या बढाउन श्रमिक वर्गलाई मध्यम वर्गमा कसरी उकाल्ने, श्रमिक वर्गको अधिकतम जनसङ्ख्यालाई कसरी मध्यम वर्गमा रूपान्तरण गर्ने भन्ने तर्फ राज्य र नीति निर्माताहरू केन्द्रित हुनुपर्दछ ।*

---

मध्यमवर्गीय उपभोक्ताहरुको सङ्ख्यामा तीव्र वृद्धि गराउने खालको आर्थिक रणनीति, समाजवादी होस् वा खुल्ला बजार प्रणाली होस् दुबैमा आवश्यक देखिएको छ । मध्यमवर्गीय उपभोक्ताको सङ्ख्या बढाउन श्रमिक वर्गलाई मध्यम वर्गमा कसरी उकाल्ने, श्रमिक वर्गको अधिकतम जनसङ्ख्यालाई कसरी मध्यम वर्गमा रुपान्तरण गर्ने भन्ने तर्फ राज्य र नीति निर्माताहरु केन्द्रित हुनुपर्दछ । यसमा रोजगारदाताहरुको पनि आफ्नो बिक्री र लाभ बढाउन बढी ज्याला सुविधा र प्रोत्साहन मूलक आम्दानी आफ्ना श्रमिकहरुलाई दिनुपर्छ भन्ने चेतना आवश्यक छ । श्रमिक वर्गलाई मध्यमवर्गमा रुपान्तरित गरेर मात्र बढी किन्न सक्ने उपभोक्ताहरुको सङ्ख्या बिस्तार हुन्छ । त्यसैले राम्रो ज्याला दिनु, स्वास्थ्य बीमा गर्नु, पेन्सन दिनु, सामाजिक सुरक्षाका विभिन्न प्रावधानहरु सञ्चालन गर्नु जरुरी छ भन्ने कुरा दोस्रो विश्वयुद्ध पछि ठूला व्यावसायिक समूहहरुले महसुस गरेकाले र राज्यको सामाजिक नीति पनि समाजवादी विचारमा प्रेरित विद्रोहको त्रासले कल्याणकारी कार्यक्रमतिर केन्द्रित हुँदै गएकाले नै आजका विकसित मुलुकहरु सम्पन्न हुन सकेका हुन् ।

बढी प्रगतिशील कर प्रणाली, गुणस्तरीय सार्वजनिक सेवाहरु, सामाजिक संरक्षणको व्यापक जनसङ्ख्यालाई समेट्ने प्रणाली र मर्यादित रोजगारीको बिस्तार जस्ता कामको माध्यमबाट लेटिन अमेरिकी मुलुकहरु बितेका दशकहरुमा असमानता घटाउन निकै सफल भए ।

लगानीलाई एकोहोरो प्रोत्साहन गर्दा उत्पादन बढ्ने, राष्ट्रिय आय बढ्ने तर श्रमिक जनताको पक्षमा आय र सम्पत्तिको वितरण कमजोर हुने तथा वितरण पक्षमा मात्र जोड दिंदा लगानी र उत्पादन नबढ्ने भएकाले गरिबी-धनी दुबैलाई फाइदा दिने सन्तुलित व्यवस्थापन ब्राजिल लगायतका लेटिन अमेरिकी मुलुकहरुले गर्न सके । यो सन्तुलित व्यवस्थापन सँगसँगै बहुसङ्ख्यकको प्रतिनिधित्व गर्ने

*तर आर्थिक उपायहरुले मात्रै श्रमिकको जीवनमा परिवर्तन ल्याउन सकिंदैन र सामाजिक न्याय सुनिश्चित गर्न सकिंदैन ।*

श्रमजीवी जनताको हितमा केन्द्रित लोकप्रिय राजनीतिको समन्वयले लेटिन अमेरिकी कतिपय मुलुकहरुमा असल परिणाम आयो ।

तर आर्थिक उपायहरुले मात्रै श्रमिकको जीवनमा परिवर्तन ल्याउन सकिंदैन र सामाजिक न्याय सुनिश्चित गर्न सकिंदैन । किनभने आय र सम्पत्तिको असमानता मात्र होइन, प्रतिनिधित्व र पहुँचको समस्या पनि बितेका बर्षहरुमा बलियो बन्दै गएको छ ।

अमेरिकन पोलिटिकल साइन्स एसोसिएसनले असमानता र अमेरिकी लोकतन्त्रबारे अध्ययन विश्लेषणका लागि एउटा छुट्टै कार्यदल बनाएर अनुसन्धान गरेको

**ब्राजिलले कसरी असमानता न्यूनीकरण गर्न सक्यो ?**

- आय र सम्पत्तिका पुनर्वितरणको प्रमुख हतियारको रुपमा प्रगतिशील कर प्रणालीको निरन्तर अभ्यास
- सामाजिक खर्चमा केन्द्रित वित्तीय नीतिको सञ्चालन
- गरिबहरुलाई ऋणग्रस्त हुनबाट जोगाउन हरेक बर्ष शिक्षा र स्वास्थ्यमा राज्यबाट पर्याप्त खर्च व्यवस्थापन
- लाखौं निर्धन परिवारलाई सर्तसहित नगद हस्तान्तरणको विधिबाट सोझै आय बढाइदिने व्यवस्था
- रोजगारीका अवसर तीव्र गतिले वृद्धि
- न्यूनतम वेतन बढाउँदै जाने र अनिवार्य ढंगले सबै रोजगारीमा र श्रमिकका लागि अनिवार्य रुपले लागू गर्ने काममा सफलता ।

*गरिबभन्दा सम्पन्नहरूले बढी प्रतिनिधित्व पाएका छन् संसदहरूमा वा राज्यका निर्वाचित प्रतिनिधिमूलक निकायहरूमा । यसले गर्दा नीति निर्माण, अनुगमन, र मूल्याङ्कनका निकायहरूमा पनि श्रमिक वर्गीय प्रतिनिधित्व कम हुन्छ ।*

थियो । आय र सम्पत्तिको असमानतासँगै संसदमा हेर्ने हो भने व्यवसायी वर्गको प्रतिनिधित्व बढेको र श्रमजीवी वर्गका

मानिसहरुको अनुपात घटेको देखिन्छ । गरिबभन्दा सम्पन्नहरुले बढी प्रतिनिधित्व पाएका छन् संसदहरुमा वा राज्यका निर्वाचित प्रतिनिधिमूलक निकायहरुमा । यसले गर्दा नीति निर्माण, अनुगमन, र मूल्याङ्कनका निकायहरुमा पनि श्रमिक वर्गीय प्रतिनिधित्व कम हुन्छ । निर्वाचनमा मतदाताको ठूलो बहुसङ्ख्या श्रमिकको तर प्रतिनिधित्व चाहिँ श्रमिककै अत्यन्त न्यून हुने विडम्बना सबैतिर देखिन्छ । त्यसैले अमेरिकी पोलिटिकल साइन्स एसोसिएसनको कार्यदलले पाएको छ- सरकारको कर्मचारीतन्त्र र सार्वजनिक निकायका पदाधिकारीहरु सुविधा सम्पन्नहरुप्रति बढी उत्तरदायी हुने र औसत नागरिक तथा विपन्न प्रति उदासिन रहने गरेका छन् । (अक्सफाम, २०१४) गरिबले धनीलाई अनुदान दिने खालको अन्यायपूर्ण करप्रणालीमा छौं हामी प्रगतिशील कर प्रणाली भने पनि त्यो प्रतिगामी चरित्रको छ, धनीलाई फाइदा दिने र गरिबबाट सकेसम्म निचोर्ने (दक्षिण एसिया मूलत: भारत र पाकिस्तानको सन्दर्भमा अक्स फाम, २०१४) ।

त्यसैले आर्थिक उपायसँगै राज्यको भूमिका इमानदार, दृढ र गरिबमुखी हुनु आवश्यक छ । सहस्राब्दी विकास लक्ष्य प्राप्तिको २०१५ पछि विकास एजेण्डामा छलफल गर्दा 'शून्य गरिबी भएको विश्व' बनाउने हो भने विकासको लागि रणनीतिक 'चौघेरा योजना' सञ्चालन गर्दा अधिकार, समानता, न्याय, दिगोपना र साझेदारी यी पाँच मौलिक सिद्धान्तमा आधारित भएर जानुपर्छ (तितुर्मिर र कमाल, २०१३)

तर राज्यलाईप्रभावकारी र गरिबको पक्षमा श्रमिकको पक्षमा काम गर्ने बनाउन श्रमिक जनताको संगठित शक्तिको ठूलो आवश्यकता देखिन्छ । समाजवादी

*नेपालको वर्तमान सन्दर्भलाई हेर्दा कठिन र लामो संक्रमणकाल अझ पनि जारी छ । असमानताको हिसाबले वा गरिबीको हिसाबले हामी दक्षिण एसियामा पनि सबैभन्दा खराब अवस्थामा छौं ।*

ढाँचाबाट गइरहेको चीनको जस्तो प्रणालीका सफलता राज्य व्यवस्था आधारित भए पनि पुँजीवादी ढाँचाबाट गइरहेका जापान वा अस्ट्रेलियाका सफलता वा बिचको बाटोबाट गइरहेको ब्राजिलको सफलता संगठनहरुका, नागरिक समाजका संगठनहरु मूलत: ट्रेड युनियनहरुको खबरदारीपूर्ण दबाबकारी भूमिकाको परिणाम पनि हो ।

त्यसैले अहिले चलिरहेको पूर्वाग्रही विकास प्रक्रिया गरिबी होइन गरिब विरोधी पूर्वाग्रहमा आधारित छ । मिडिया पनि गरिबको पक्षमा परिचालित छैन, ठूला व्यावसायिक समूहको हातमा छ । त्यसैले आर्थिक विकास र समतामूलक विकाससँग मानव क्षमताको विकास तथा आधारभूत स्वतन्त्रताको बिस्तार जोडिनै पर्छ भन्ने अमर्त्य सेनको निष्कर्ष छ । छलफल र आन्दोलित परिचालनबाट मात्रै जनताको पहुँचको बिस्तार हुन्छ र उनीहरुको पक्षमा नतिजा आउन सक्छ (अमर्त्य सेन, एन अन्सर्टेन ग्लोरी २०१३) । किनभने गरिबी भनेको केबल आम्दानीको अभाव मात्र होइन, मानवका रुपमा उसका पूर्ण सम्भाव्यताहरुलाई लागू गर्ने क्षमताको अभाव हो भन्ने उनको निष्कर्ष हाम्रो लागि पनि उत्तिकै सान्दर्भिक छ । (अमर्त्यसेन, फ्रिडम एण्ड डेभलमेन्ट)

नेपालको वर्तमान सन्दर्भलाई हेर्दा कठिन र लामो संक्रमणकाल अझ पनि जारी छ । असमानताको हिसाबले वा गरिबीको हिसाबले हामी दक्षिण एसियामा पनि सबैभन्दा खराब अवस्थामा छौं । तर हाम्रो ठूलो अवसरको कालखण्ड पनि अहिले नै हो । संविधान निर्माणको कालखण्ड भएकोले संविधानलाई श्रमिकमुखी बनाउने असल सम्भावना हाम्रो अगाडि छ । मूलधारका सबै तीन वटै राजनीतिक दलहरु नेकपा एमाले, नेपाली कांग्रेस र एनेकपा माओवादी शान्तिपूर्ण ढंगले समाजवाद विकासको पक्षमा देखिन्छन् । मध्यमार्गी क्रान्तिकारी तर सन्तुलित विचारको रुपमा जनताको बहुदलीय जनवादको बाटो, जो नेकपा एमालेले विकसित गरेको

*नेपाली कांग्रेसको लोकतान्त्रिक समाजवाद संसदीय वेस्ट मिनिस्टर मोडेलबाट जान खोज्ने, एनेकपा माओवादीको एक्काइसौं शताब्दीको समाजवाद गरमपन्थी एकदलीय ढाँचामा जान खोज्ने दुबै धारहरूलाई सन्तुलित गर्दै जनताको बहुदलीय जनवादको बाटोबाटै हामी अगाडि बढिरहेका छौं ।*

हो, त्यही बाटोबाट मुलुकको परिवर्तनको प्रक्रिया अगाडि बढिरहेको छ । नेपाली कांग्रेसको लोकतान्त्रिक समाजवाद संसदीय वेस्ट मिनिस्टर मोडेलबाट जान खोज्ने, एनेकपा माओवादीको एक्काइसौं शताब्दीको समाजवाद गरमपन्थी एकदलीय ढाँचामा जान खोज्ने दुबै धारहरुलाई सन्तुलित गर्दै जनताको बहुदलीय जनवादको बाटोबाटै हामी अगाडि बढिरहेका छौं । यसले लोककल्याणकारी राज्यव्यवस्था निर्माणको बाटो हुँदै समाजवादको गन्तव्यसम्म पुग्ने लक्ष्यमा अगाडि बढ्न सकिन्छ ।

उदार पुँजीवादको बाटोमा नेपाललाई लग्ने प्रयत्न समेत भइरहेको छ । तर ट्रेड युनियन आन्दोलन, मानव अधिकार संगठनहरु, जनसंगठनहरु तथा नागरिक समाजका संगठनहरुको बल बढ्दै गएकोले उदारवादको बाटोमा सत्ताले चाहेर पनि लैजान सक्तैन । फेरि नेपाली कांग्रेसको पनि एक ढिक्का एकमना समर्थन उदार पुँजीवादमा छैन । त्यसैले सन्तुलनमा समन्वयात्मक पुँजीवादको बाटोबाट विकास प्रक्रिया अगाडि जाने स्थिति छ । समन्वयात्मक पुँजीवादको बाटोबाटै सामाजिक बजार अर्थव्यवस्था र समाजवादी बजार अर्थव्यवस्थाको मिश्रण प्रयोग गर्दै - 'कसैलाई पनि निषेध नगर्ने, कसैमा पनि समर्पित नहुने' आफ्नो मौलिक बाटोबाट हामी जानसक्ने सम्भावना छ । तीन प्रमुख राजनीतिक शक्तिहरुको सन्तुलन पनि यही तरिकाबाट मात्र सम्भव छ । यसरी जाँदा तीन खम्बे अर्थतन्त्रमा आधारित निजी, सार्वजनिक र सहकारी क्षेत्रको सहयोगात्मक र समन्वयात्मक आर्थिक विकासको नीति नै हाम्रो वास्तविकता हो । लोककल्याणकारी राज्यव्यवस्था र श्रमिकमुखी सामाजिक-आर्थिक नीति आजको हाम्रो प्राथमिकता हो । त्यसैले राज्यव्यवस्थाका हरेक निर्वाचित प्रतिनिधि रहने निकायमा नीति निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन हरेक क्षेत्रमा श्रमिक वर्गीय प्रतिनिधित्व हाम्रो साझा माग बनेको छ । १०% श्रमिक प्रतिनिधित्वको

*लोककल्याणकारी राज्यव्यवस्था र श्रमिकमुखी सामाजिक-आर्थिक नीति आजको हाम्रो प्राथमिकता हो । त्यसैले राज्यव्यवस्थाका हरेक निर्वाचित प्रतिनिधि रहने निकायमा नीति निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन हरेक क्षेत्रमा श्रमिक वर्गीय प्रतिनिधित्व हाम्रो साझा माग बनेको छ ।*

---

नारा साझा र लोकप्रिय पनि भएको छ । आजको ट्रेड युनियन आन्दोलन र नेपाली श्रमिक वर्गका प्राथमिकता निम्न अनुसार छन् :

- श्रमिकमुखी संविधान र समाजवाद उन्मुख लोककल्याणकारी राज्यव्यवस्था
- तीन खम्बे अर्थनीति- सार्वजनिक, निजी, र सहकारी क्षेत्रको समन्वय
- राज्यव्यवस्थाको पुँजी र श्रम बिच विभेद गर्ने पुँजीपक्षीय चरित्र न्यूनीकरण गर्दै श्रमिक वर्गलाई मध्यम वर्गमा रुपान्तरण गर्ने रणनीति
- श्रमिक वर्गको लागि औपचारिक अनौपचारिक सबै क्षेत्र र अहिलेको तथ्याङ्कमा १ करोडभन्दा बढी श्रमिक समेट्ने बृहत सामाजिक सुरक्षा प्रणाली
- संगठन स्वतन्त्रताको पूर्ण प्रत्याभूति र पुँजी-श्रम सम्बन्धलाई असल सामूहिक सौदाबाजीको प्रणालीबाट नियमित गर्ने खालको व्यवस्थापन
- असमानता न्यूनीकरणका लागि आय समूह र श्रमिक वर्ग केन्द्रित विशेष गरिबी न्यूनीकरण कार्यक्रम

यिनै व्यावहारिक मागलाई सम्बोधन गरेर अघि बढेमा मार्क्सको चिन्तनको मूलबाटोमा उच्च ज्याला-उच्च माग-पर्याप्त लगानीको किन्सको आर्थिक नीति, एडम स्मीथको श्रम विभाजन र दक्षता विशिष्टीकरणलाई सन्तुलित गर्न सकिन्छ । राज्यको निरङ्कुशता विरुद्धको एडम स्मीथको आदर्श संगठन स्वतन्त्रताबाट श्रमिकलाई, लगानीमा प्रोत्साहनबाट उद्यमी व्यवसायीलाई, सामूहिक सौदाबाजीबाट दुबैलाई सुनिश्चित गर्दै सम्बोधन गर्न सकिन्छ ।

*राज्यको निरङ्कुशता विरुद्धको एडम स्मीथको आदर्श संगठन स्वतन्त्रताबाट श्रमिकलाई, लगानीमा प्रोत्साहनबाट उद्यमी व्यवसायीलाई, सामूहिक सौदाबाजीबाट दुबैलाई सुनिश्चित गर्दै सम्बोधन गर्न सकिन्छ ।*

---

समाजवादको गन्तव्यतिर बहुदलीय प्रतिस्पर्धा, नियमित र नियन्त्रित बजार तथा श्रमिकमुखी कल्याणकारी कार्यक्रममा आधारित सुशासनबाट जान सकिन्छ । तर त्यसका लागि श्रमिक वर्गको बलियो संगठित आन्दोलन आवश्यक छ । अमर्त्यसेनले भने जस्तो नीति हस्तक्षेप र दबाब गर्न सक्ने छलफलले मात्र पुग्दैन, सडकमा परिचालन भएर बाध्य गर्न सक्ने आन्दोलन पनि सशक्त बनाउनै पर्छ ।

**आधार ग्रन्थ**

१. एफ इ एस, इकोनोमिक्स एण्ड सोसल डेमोक्रेसी, परिमार्जित तेस्रो संस्करण, मे २०११ बर्लिन, जर्मनी

२. मार्क्स स्काउजन, द बीग थ्री इन इकोनोमिक्स, एफ इ सार्प, २००६, न्यूयोर्क, संयुक्त राज्य अमेरिका

**सन्दर्भ सामग्री**

१. अमर्त्य सेन, इनइक्वालिटी रिएक्जामिन्ड

२. अमर्त्य सेन, फ्रिडम एण्ड डेभलपमेन्ट

३. अमर्त्य सेन र जनी ड्रेज, एन अनसर्टेन ग्लोरी, पेन्गुइन, २०१३, संयुक्त अधिराज्य

४. अक्स फाम प्रतिवेदन, वर्किङ फर द फ्यु : पोलिटिकल क्याप्चर एण्ड इकोनोमिक इनइक्वालिटी

५. थोमस पिकेटी, क्यापिटल इन ट्वेन्टी फर्स्ट सेन्चुरी

६. जिफन्ट : ट्रेड युनियन र श्रमको मूल्य सिद्धान्त

७. जी स्टेन्डिङ, प्रिकारियट ए डेन्जरस न्यू क्लास, २००९

८. जिफन्ट, रुपान्तरण श्रमशक्तिको विकासबाट, छैटौं महाधिवेशनबाट पारित नीति प्रतिवेदन २०७० चैत

९. रासिद अल महमूद तितुमिर र मुस्तफा कमाल, ग्रोइङ टुगेदर सस्टेनेब्ली : ए जिरो-पोभर्टी पोस्ट २०१५, डेभलपमेन्ट फ्रेमवर्क, सोसाइटी फर इनटरनेसनल डेभलपमेन्ट रिपोर्ट, २०१३

# आर्थिक चिन्तनका कोसेढुंगा

आजसम्मको आर्थिक चिन्तनलाई हेर्दा तीन जना अर्थशास्त्रीहरु कोसेढुंगाको रुपमा देखिन्छन्, जसको मान्यता, विचार, सिद्धान्त र निष्कर्षहरुकै वरिपरि चिन्तन, नीतिहरु र विश्व अर्थव्यवस्था चलिरहेको छ । ती तीन जना हुन्- एडम स्मीथ, कार्ल मार्क्स र जोन मेनार्ड किन्स । उनीहरुका विचार र मान्यताहरुको अनेक कोणबाट आलोचना भएको छ । तर, बितेका तीन शताब्दीका निर्णायक सिद्धान्तकार यिनै तीन जना हुन् ।

www.gefont.org

GEFONT publication 136

9 789937 785873

printed in nepal by **gefont**